Nepal Adhyayan Journal
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJOL]
ISSN: 2795-1723 (Print), Peer-Reviewed Research Journal
Published by Center for Nepal and Asia Studies
Tribhuvan University, Kathmandu, Nepal
Email : info@cnastu.org.np: Website : www.cnastu.org.np



Research Article

# Theoretical Basis and Conceptual Framework in the Research Process
# शोधप्रक्रियामा सैद्धान्तिक आधार तथा अवधारणत्मक ढाँचा

**प्रेमप्रसाद चौलागाईं**/Prem Prasad Chaulagai,
Trichandra Multiple Campus, Kathmandu, Nepal

Article History: **Received: 17 Dec. 2024, Reviewed: 23 Jan. 2025, Accepted: 7 Feb. 2025**
Corresponding Author: Prem Prasad Chaulagai, Email:chaulagaiprem999@gmail.com

## लेखसार

*प्रस्तुत लेख शोधप्रक्रियामा सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको स्वरूप, वैशिष्ट्य एवम् तिनको अन्तर्सम्बन्धको निरूपणमा केन्द्रित छ। गुणात्मक प्रकृतिको प्रस्तुत लेखमा सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको स्वरूप, वैशिष्ट्य एवम् तिनको अन्तर्सम्बन्धको निर्क्योलका लागि आगमनात्मक विधिको अनुसरण गरिएको छ। त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत गरिएका नेपाली विषयका विद्यावारिधि तहका १० ओटा शोधप्रबन्ध (वि.सं २०७४ देखि २०८१ सम्मका) को छनोट गरी तिनमा उल्लेख गरिएका सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचा र तिनको प्रयोग पक्ष, प्राप्ति र सीमाको विश्लेषण गरी प्राप्त भएको निष्कर्षका आधारमा सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको स्वरूप र भूमिकाको निर्क्योल गरिएको छ। निष्कर्षको पुष्टिका लागि पूर्वस्थापित सिद्धान्तका मान्यतालाई पनि प्रमाणका रूपमा प्रस्तुत गरिएको छ । शोध भनेको अन्वेषण हुन बाँकी क्षेत्र/शीर्षकसँग सम्बद्ध सामग्रीको सङ्कलन र शोधन गरेर तत्त्वसम्बन्धी यथार्थ ज्ञान वा नवीन ज्ञान आर्जन गर्ने प्रक्रिया हो । यस प्रक्रियालाई व्यवस्थित बनाउने आधारमध्ये सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचा मुख्य हुन् । यसर्थ शोधप्रक्रियाबाट प्राप्त हुने ज्ञान साध्य ज्ञान हो भने सैद्धान्तिक आधार र अवधारणात्मक ढाँचा साधन हुन् । सिद्धान्त भनेको तर्क र प्रमाणका आधारमा सत्य/यथार्थ ज्ञान र त्यसको मूल्य स्थापित भएको विचार हो। स्थानविशेष, कालविशेष र परिस्थितिविशेषमा प्रतिपादन गरिएको यस्तो सिद्धान्त उत्तरवर्ती शोधमा तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाका दृष्टिले आधार बन्न सक्छ तर सामग्रीविश्लेषणको पूर्ण ढाँचा चाहिँ बन्न सक्दैन । यसैले शोधमा सङ्कलित सामग्रीको व्यवस्थित किसिमले विश्लेषण गरी निष्कर्ष प्रतिपादन गर्न शोधशीर्षकसँग सम्बद्ध पूर्वकार्यको अध्ययन, शोधअन्तराल, शोधसमस्या, समस्यामा आधारित भएर सङ्कलन गरिएका सामग्री तथा पूर्वस्थापित सिद्धान्तका सत्य, ज्ञान र मूल्यसम्बन्धी मान्यताका आधारमा अवधारणात्मक ढाँचा बनाउनुपर्ने हुन्छ भन्ने मुख्य निष्कर्ष प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ।*

**शब्दकुञ्जी**
अवधारणा, आधार, तत्त्व, ज्ञान, मूल्य, सूचक ।

## १. विषयपरिचय

'शुध्+घञ्>अ' यस व्युत्पादन प्रक्रिया (*अष्टाध्यायी,* ३।३।१२१) बाट बनेको 'शोध' शब्दको अर्थ शुद्ध बनाउनु वा शोधन गर्नु हो । कुनै वस्तुको शोधन गर्दा नै त्यसको वास्तविक स्वरूपको पहिचान हुन्छ । फोहोरले लतपतिएको कुनै पनि भाँडाको वास्तविक स्वरूपको पहिचान गर्न त्यसलाई माझ्नुपर्छ भने सुनको वास्तविक स्वरूप पहिचान गर्न घोटे पनि पुग्छ तर त्यसको वास्तविक रूप ग्रहण गर्न भने पगाल्नु नै पर्छ । यसर्थ सङ्कलित सामग्रीको शोधन गरेर जीवजगत्का कुनै पनि विषयवस्तु/तत्त्वका बारेमा यथार्थ(सत्य) ज्ञान वा नयाँ तत्त्वको खोजी गर्ने प्रक्रिया शोध हो । तत्त्वको यथार्थ स्वरूपलाई सत्य भनिने भएकाले शोध भनेको सत्यको ज्ञान वा खोजीको प्रक्रिया पनि हो । सबै किसिमका तत्त्वको प्रतिनिधित्व विचारले गर्न सक्ने भएकाले विचारबाट तत्त्वको खोजी गर्न सकिन्छ भने तत्त्वका आधारमा विचारको खोजी पनि गर्न सकिन्छ। यसरी यी दुई अन्योन्याश्रित रूपमा सम्बन्धित भए पनि यी दुईमा भिन्नता भने छ, त्यो के हो भने एउटै तत्त्वबारे व्यक्तिअनुसार फरक फरक विचार हुन सक्नु । तत्त्व भौतिक र अभौतिक गरी दुई किसिमका छन् भने दुवै तत्त्वसम्बन्धी विचार भने अनन्त छन् । उपलब्ध तत्त्व र विचारमध्ये पनि भ्रमका कारण कतिपय तत्त्व र विचारको यथार्थ ज्ञान भएको हुँदैन भने कतिपय तत्त्व र विचार चाहिँ अनुद्घाटित अवस्थामा नै रहेका हुन्छन् । तत्त्वको यथार्थ ज्ञान नहुनु र तत्त्वहरू अनुद्घाटित रूपमा रहनु शोधरिक्तता/समस्याका क्षेत्र हुन् भने उपलब्ध तत्त्व वा तिनका विचारबारे भ्रमको निराकरण गरेर तिनको यथार्थ ज्ञान गर्नु र अनुद्घाटित तत्त्वको खोजी गर्नु शोधका मुख्य उद्देश्य हुन् । यसर्थ यिनै शोधसमस्याको समाधानका लागि गरिने व्यवस्थित खोज नै शोध हो भन्ने स्पष्ट हुन्छ । प्रारम्भिक समयमा तत्त्वको सोधखोजका लागि अनुमान, उपमान, अनुभव र कल्पनालाई आधार बनाउने गरिएकामा अहिले यसका लागि वैज्ञानिक शोधपद्धतिको विकास भइसकेको छ । शोधपद्धतिको विकास भइसकेपछि पनि यसलाई अद्यावधिक बनाउने कार्यमा धेरै विद्वान् शोधार्थीहरूले निकै समय खर्चिसकेका छन् । शोधलाई व्यवस्थित बनाउने आधारमध्ये सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचा मुख्य हुन् । समग्र शोधप्रक्रियाबाट प्राप्त हुने तत्त्वसम्बन्धी ज्ञान साध्य हो भने सैद्धान्तिक आधार र अवधारणात्मक ढाँचा साधन हुन् । कुनै पनि साध्यको सिद्धिमा साधनको अपरिहार्य भूमिका हुन्छ । विनासाधन साध्य सिद्ध हुँदैन । नेपालीमा समग्र शोधप्रक्रिया र यसका साधनका बारेमा सैद्धान्तिक चर्चा भए पनि

आगमनात्मक विधिको प्रयोग गरी सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाको स्वरूप र वैशिष्ट्यको निरूपण भएको छैन । यसैले प्रस्तुत लेख शोधप्रक्रियामा सैद्धान्तिक आधार तथा अवधारणाात्मक ढाँचाको केकस्तो भूमिका छ र आगमनात्मक विधिबाट सैद्धान्तिक आधार तथा अवधारणाात्मक ढाँचाको स्वरूप केकसरी तयार पार्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ ।

## २. अध्ययनविधि

गुणात्मक उपागममा आधारित प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ । नेपालीका विद्यावारिधि तहका शोधप्रबन्धहरू प्रस्तुत अध्ययनका प्राथमिक सामग्री हुन् भने सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचासँग सम्बद्ध पूर्वीय एवम् पाश्चात्य दर्शन र शोधपद्धतिका धारणाहरू द्वितीयक सामग्री हुन् । प्राथमिक सामग्रीको सङ्कलन गर्दा उद्देश्यमूलक नमुना छनोट विधिको प्रयोग गरी, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपालीमा भएका विद्यावारिधि तहका दशओटा शोधप्रबन्ध *(२०७४ देखि २०८१ सम्मका)* को चयन गरिएको छ । यी शोधप्रबन्धमा उल्लेख भएका सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाका वैशिष्ट्य र कमीकमजोरीको अध्ययन गरी प्राप्त निष्कर्षका आधारमा सैद्धान्तिक आधार तथा अवधारणाात्मक ढाँचाको स्वरूप र भूमिकाको निर्क्योल गरिएको छ । यस क्रममा आवश्यक स्थलमा पूर्वीय तथा पाश्चात्य दर्शन र शोधपद्धतिका मान्यतालाई समेत प्रमाणका रूपमा प्रस्तुत गरिएको छ । यसैले प्रस्तुत अध्ययनमा मुख्यतः आगमनात्मक विधिको उपयोग गरी सङ्कलित सामग्रीको विश्लेषण, परीक्षण एवम् सामान्यीकरणको वैज्ञानिक विधि अपनाइएको छ ।

## ३. विमर्श र परिणाम

शोध ज्ञानप्राप्तिका लागि ज्ञानकै आधार लिइने प्रक्रिया हो । यसैले शोधमा स्थापित ज्ञानलाई सैद्धान्तिक आधारमा रूपमा ग्रहण गरी नयाँ ज्ञानको खोजी गर्न सकिन्छ र सङ्कलित सामग्रीकै विश्लेषण गरेर नयाँ ज्ञान प्राप्त गर्न पनि सकिन्छ । प्रस्तुत अध्ययनमा चाहिँ सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको निर्माणका लागि दोस्रो विधिको अवलम्बन गरिएको छ । यस कार्यका लागि सामग्रीका रूपमा त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा प्रस्तुत गरिएका नेपाली विषयका विद्यावारिधि तहका दश ओटा शोधप्रबन्ध (२०७४ देखि २०८१

सम्मका) लिइएको छ । विषयवस्तु विश्लेषण विधिका आधारमा उक्त सङ्कलित सामग्रीमा उल्लेख गरिएका सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचा र तिनको प्रयोग पक्ष, प्राप्ति र सीमाको विश्लेषण गरी सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको स्वरूपको निर्क्योल गरिएको छ । निष्कर्षको पुष्टिका लागि पूर्वस्थापित सिद्धान्तका मान्यतालाई पनि प्रमाणका रूपमा उपयोग गरिएको छ ।

नेपालीका विद्यावारिधि शोधप्रबन्धमा सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको प्रयोग सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचाको प्रयोगको अध्ययनका दृष्टिले उद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरिएका शोधप्रबन्धहरूमा (क) गिरी, शान्तिमाया (२०७४) *आधुनिक नेपाली कथामा अभिघात,* (ख) पौडेल, हेमनाथ उपाध्याय (२०७५) *नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू,* (ग) कुँवर, भविन्द्र (२०८०) *आधुनिक नेपाली कवितामा शास्त्रीय भौतिकी* (घ), खनाल, अजित (२०८०) *प्रगतिवादी नेपाली नाटकमा वर्गद्वन्द्व* (ङ) घिमिरे, विदुला (२०८०) *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना,* (च) न्यौपाने, श्रीधर (२०८०) *ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद,* (छ) बरई, त्रिभुवन (२०८०) *भवानी भिक्षुका कथामा दृष्टिविन्दु,* (ज) शर्मा, गणेश (२०८०) *उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य,* (झ) लुइटेल, गोविन्दप्रसाद (२०८१) *नेपाली मनोविश्लेषणात्मक कथामा समाख्यान* (ञ) शर्मा, लीलादेवी (२०८१) *गण्डकी प्रदेशमा प्रचलित लोककथामा लोकविश्वास* हुन् ।

उपर्युक्त शोधप्रबन्धमध्ये गिरी (२०७४) मा आधुनिक नेपाली कथा (२०५०-७०) मा अभिव्यक्त अभिघातको अध्ययन गरिएको छ 'अभिघात लेखनका दृष्टिले आधुनिक नेपाली कथा कस्ता छन्' भन्ने मूल समस्या रहेको प्रस्तुत अध्ययनमा वि.सं २०५०-२०७० को अवधिमा नेपालमा घटित राष्ट्रिय स्तरका आन्दोलन, द्वन्द्व र युद्धका विषयलाई लिएर सृजना गरिएका र यसै अवधिभित्र प्रकाशित भएका कथाहरूमा अभिव्यक्त द्वन्द्वजन्य अभिघातको अध्ययन गरिएको छ । अभिघातको अध्ययनका लागि विदेशी विद्वान्हरूका अभिघातसम्बन्धी मान्यतालाई आधार बनाइएको छ :

> आधुनिक नेपाली कथामा द्वन्द्वजन्य घटना र पीडालाई चित्रण गरिएको हुँदा अभिघातको सैद्धान्तिक मानदण्ड नै सामग्री विश्लेषणको मुख्य आधार हो । अतः यहाँ सर्वप्रथम सैद्धान्तिक आधारको निर्माण गरिएको छ । त्यस

क्रममा अभिघातका प्रकार तथा अभिघात सिद्धान्तका सिद्धान्तकारहरू केथी कारुथ, डोमिनिक लाकाप्रा, अविशायी मार्गलिट, गिर्गिओ एगेम्बेन, बिना दास, सोसना फेलमेन, जेफ्रि हार्टमैन, जेफ्रि अलेक्जेन्डर जस्ता विद्वान्हरूका अभिघात साहित्य समालोचना गर्ने विभिन्न दृष्टिकोणहरूको समीक्षा तथा उपयोग गर्दै कथाविश्लेषणको मानदण्ड बनाइएको छ । ....कथाका विभिन्न तत्त्वमध्ये कथानक, पात्रनिर्माण तथा चरित्रचित्रण र भाषा नै अभिघात प्रतिबिम्बन हुने प्रमुख तत्त्व भएको हुँदा यी तत्त्वलाई विशेष आधार बनाइएको हो (पृ. २८) ।

उपर्युक्त अंशमा प्रयुक्त 'विद्वान्हरूका अभिघात साहित्य समालोचना गर्ने विभिन्न दृष्टिकोणहरूको समीक्षा तथा उपयोग गर्दै कथाविश्लेषणको मानदण्ड बनाइएको छ' र 'यी तत्त्वलाई विशेष आधार बनाइएको हो' भनाइहरू अभिघातसम्बन्धी विदेशी विद्वान्का मान्यताहरूलाई नेपाली कथामा अभिव्यक्त अभिघातको अध्ययनका लागि यथावत् रूपमा ग्रहण गर्न सकिने स्थिति छैन भन्ने कुराका सङ्केत हुन् । स्थानविशेष, कालविशेष र परिस्थितिविशेषमा तयार पारिएको सिद्धान्तलाई मात्र अन्य स्थान, काल र परिस्थितिका सामग्रीहरूको विश्लेषणमा पूर्ण रूपमा उपयोग गर्न सकिँदैन भन्ने कुरा प्रस्तुत अध्ययनमै उल्लेख भएको "उपर्युक्त सिद्धान्तकारमध्ये कुनै एउटा मात्र सिद्धान्तकारका सैद्धान्तिक मान्यतालाई आधार नबनाई समष्टि रूपमा सबै सिद्धान्तकारका मान्यतालाई विश्लेषणको आधार बनाइएको छ" (पृ. १०१) भनाइबाट पनि स्पष्ट हुन्छ । यस्तै प्रस्तुत अध्ययनकै सैद्धान्तिक आधारमा समावेश गरिएका सूचकहरू 'शारीरिक अभिघात, मानसिक अभिघात, लैङ्गिक अभिघात एवम् अभिघातको पुनर्स्मृति, शमनवृत्ति र लेखकीय स्वर' (पृ. १०१) र विश्लेषण खण्डमा समावेश गरिएका सूचकहरू 'द्वन्द्वशील पक्षप्रति निरपेक्ष रही द्वन्द्वपीडित पक्षप्रति सहानभूति राखी लेखिएका कथामा शारीरिक/मानसिक/लैङ्गिक अभिघात, अभिघातको पुनर्स्मृति, शमनवृत्ति र लेखकीय स्वर', सत्तापक्षप्रति मौन र विद्रोही पक्षप्रति अपेक्षाकृत आलोचक हुँदै लेखिएका कथामा शारीरिक/मानसिक/लैङ्गिक अभिघात, अभिघातको पुनर्स्मृति, शमनवृत्ति र लेखकीय स्वर' (पृ. १५१-३५५) मा पूर्णतः समन्वय हुन नसक्नुले पनि सैद्धान्तिक आधार यथावत् रूपमा ग्रहण गर्न सकिने स्थिति छैन भन्ने स्पष्ट हुन्छ । यो भनेको शोधका लागि सैद्धान्तिक आधार मात्र प्रर्याप्त छैन, अवधारणात्मक ढाँचा पनि आवश्यक छ भन्ने कुराको सङ्केत हो ।

उपाध्याय पौडेल (२०७५) मा २०४६ देखि २०६३ सम्मका नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरूको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा मार्क्सवादी सौन्दर्यशास्त्रका सैद्धान्तिक मान्यताका आधारमा नेपाली प्रगतिवादी कविताको विश्लेषण गरिएको कुरा तलको भनाइबाट स्पष्ट हुन्छ :

> प्रस्तुत शोधकार्य नेपाली कविताको प्रगतिवादी धारासँग सम्बद्ध भएकाले यसको अध्ययन तथा विश्लेषणका निम्ति मूलतः मार्क्सवादी सौन्दर्य शास्त्रीय मान्यतालाई आधार बनाइएको छ । मार्क्सवादी सौन्दर्यशास्त्र वा प्रगतिवादले कविता साहित्यको विश्लेषण गर्दा रचनाको अन्तर्वस्तुगत पक्ष र रूपगत पक्षलाई लिने गरेको पाइन्छ ।.... अन्तर्वस्तुगत प्रवृत्ति पहिल्याउन कवितामा अभिव्यक्त विषय र विचारलाई विश्लेषणको आधार बनाइएको छ भने रूपगत प्रवृत्ति पहिल्याउन कवितामा प्रयुक्त भाषा, लय, बिम्ब, प्रतीक र संरचनालाई आधार बनाइएको छ (पृ. ३५) ।

उपर्युक्त अंशमा प्रयुक्त 'मूलतः' शब्दले नेपाली प्रगतिवादी कविताको अध्ययनमा मार्क्सवादी सौन्दर्यशास्त्रलाई पूर्णतः आधार बनाउन नसकिने कुराको सङ्केत गरेको छ । प्रस्तुत अध्ययनमा उल्लेख गरिएका अन्तर्वस्तुगत प्रवृत्ति विश्लेषणका आधारहरू 'वैचारिक प्रतिबद्धता र वर्गीय पक्षधरता, यथार्थको अवलम्बन र गतिशील यथार्थको चित्रण, यथास्थितिको विरोध एवम् क्रान्ति र परिवर्तन चेतनाको अभिव्यक्ति, सामन्तवाद, साम्राज्यवाद र पुँजीवादको विरोध एवम् समाजवाद र साम्यवादको पक्षपोषण' (पृ. ३८-५१) आदिसँग विश्लेषण खण्डअन्तर्गत दिइएका आधारहरू 'पञ्चायतको अन्त्य र बहुदलीय प्रजातन्त्र प्राप्त भएकोमा स्वागत, अपूर्ण परिवर्तनप्रतिको असन्तुष्टि र यथास्थितिप्रतिको आलोचना, सामन्तवाद र यसका सबै प्रकारका उत्पीडनको अन्त्यको चाहना, (सामन्तवादको संरक्षक राजतन्त्रको विरोध, सामन्तवादी सामाजिक, सांस्कृतिक एवं आर्थिक मूल्यमान्यता र उत्पीडनको विरोध) आमूल परिवर्तनका निम्ति क्रान्ति र सङ्घर्षको निरन्तरताको आह्वान, वैदेशिक हस्तक्षेप र अतिक्रमणको विरोध एवं स्वाधीन राष्ट्रिय चेतनाको अभिव्यक्ति, आदिवासी जनजातिमाथिको विभेदको विरोध र अन्त्यको चाहना, सहिदहरूप्रति श्रद्धा र सम्मानको भाव, सशस्त्र द्वन्द्वको समर्थन र विरोध, लोकतान्त्रिक गणतान्त्रिक चेतनाको अभिव्यक्ति' (पृ. १०८-२४३) सँग पूर्ण समन्वय हुन सकेको छैन । वस्तुतः मार्क्सवादी सौन्दर्यशास्त्र प्रस्तुत भएको समय, समाज र परिस्थितिभन्दा

नेपाली कविता सिर्जना भएको समय, समाज र परिस्थिति पूर्णतः भिन्न छन् । यसर्थ मार्क्सवादी सिद्धान्तलाई नेपाली कविताको विश्लेषणका लागि यथावत् रूपमा ग्रहण गर्न सकिने स्थिति छैन भन्ने स्पष्ट हुन्छ । यसैले मार्क्सवादी सौन्दर्यशास्त्रका केही आधारभूत अवधारणाहरू नेपाली कविताको विश्लेषणका लागि उपयोगी भए पनि सबै अवधारणा मिल्ने देखिँदैनन् । यस आधारमा मार्क्सवादी सौन्दर्यशास्त्रका आधारमा नेपाली कविताको विश्लेषण गर्दा अवधारणात्मक ढाँचा निर्माण गर्नु आवश्यक छ भन्ने कुरा यस अध्ययनबाट पनि स्पष्ट हुन्छ ।

कुँवर (२०८०) मा आधुनिक नेपाली कवितामा अभिव्यक्त शास्त्रीय भौतिकीसम्बद्ध विषयको निरूपण गरी ती विषयले कविताको निर्माण र सौन्दर्यवर्द्धनमा खेलेको भूमिकाको विश्लेषण गरिएको छ । कविताको विश्लेषणका लागि भौतिक शास्त्र र कविताको विधातत्त्वलाई आधार बनाइएको छ, जस्तै :

> प्रस्तुत शोधकार्यको विश्लेषण ढाँचा शास्त्रीय भौतिकीसम्बद्ध मान्यता र कविताका विधातत्त्वलाई आधार मानेर तयार पारिएको छ। यस सिलसिलामा सर्वप्रथम शास्त्रीय भौतिकीका यान्त्रिकी, पदार्थ, ध्वनि, प्रकाश, ताप, विद्युत् र चुम्बकत्व गरी सातवटा केन्द्रक निर्धारण गरी ती केन्द्रकका पनि निश्चित उपकेन्द्रक निर्धारण गरिएको छ, जसअनुसार यान्त्रिकीका चालकी, सकारण चालकी र स्थितिकी गरी तीनवटा र पदार्थ, ध्वनि, प्रकाश, ताप, विद्युत् र चुम्बकत्वका संरचना र गुण गरी दुई-दुईवटा उपकेन्द्रकहरूको निर्धारण गरिएको छ । तिनै निर्धारित उपकेन्द्रकका आधारमा आधुनिक नेपाली कवितामा अभिव्यक्त यान्त्रिकी, पदार्थ, ध्वनि, प्रकाश, ताप, विद्युत् र चुम्बकत्वसँग सम्बद्ध विषयको विश्लेषण गर्ने कार्य यस शोधमा भएको छ (पृ. १९) ।

आधुनिक नेपाली कवितालाई भौतिक शास्त्रका सैद्धान्तिक मान्यताका आधारमा अध्ययन गर्न सकिने भए पनि पूर्णतः अध्ययन गर्न नसकिने तथ्यलाई प्रस्तुत अध्ययनमै विधातत्त्वलाई समेत आधार बनाउनुबाट स्पष्ट भएको छ । यस्तै प्रस्तुत शोधप्रबन्धमा “शास्त्रीय भौतिकीसँग सम्बद्ध विषयको कविताकरण हुँदा बिम्ब, अलङ्कार, व्यञ्जना, शीर्षक, विषयवस्तु र भावमध्ये सबैभन्दा बढी मात्रामा बिम्बका रूपमा नै शास्त्रीय भौतिकीको कविताकरण भएकोसमेत प्रस्ट हुन पुगेको छ ।” (पृ. १९३) भन्ने भनाइबाट पनि नेपाली कवितामा भौतिक शास्त्रका विषयहहरू सोभै

प्रस्तुत नभई बिम्बका माध्यमबाट प्रस्तुत हुनुले नेपाली साहित्यको विश्लेषणका लागि भौतिक शास्त्रका सैद्धान्तिक मान्यता यथावत् रूपमा लागु हुन नसक्ने र यसका लागि अवधारणात्मक ढाँचा बनाउनु आवश्यक छ भन्ने स्पष्ट हुन्छ । यसैअनुरूप यस अध्ययनमा विश्लेषणको अवधारणात्मक ढाँचा तयार पारिएको छ (पृ. ६२) र सोही आधारमा नेपाली कविताको विश्लेषण गरी सामान्यीकरण गरिएको छ । यसैले प्रस्तुत अध्ययनबाट पनि शोधमा सामग्री विश्लेषणका लागि अवधारणात्मक ढाँचा आवश्यक छ भन्ने पुष्टि हुन्छ ।

खनाल (२०८०) मा प्रगतिवादी नेपाली नाटकमा अभिव्यक्त वर्गद्वन्द्वको विश्लेषण गरिएको छ । यसका लागि मार्क्सवादको वर्गद्वन्द्वलाई सैद्धान्तिक आधारमा रूपमा ग्रहण गरिएको छ । नेपाली नाटकमा अभिव्यक्त वर्गद्वन्द्वको अध्ययनका लागि विषयगत अन्तर्वस्तु, पात्रका कार्यव्यापार, वैचारिक अन्तर्वस्तु र भाषाशैलीलाई आधार बनाइएको छ । शोधप्रश्नका आधारमा अवधारणा तयार गरी प्रत्येक अवधारणाका सूचकहरूलाई उल्लेख गरिएको छ, शोधप्रश्न १ 'प्रगतिवादी नेपाली नाटकका विषयगत अन्तर्वस्तुमा के कस्तो वर्गद्वन्द्व अभिव्यक्त भएको छ ?' को अवधारणा 'सामाजिक, आर्थिक र राजनीतिक विषयसँग जोडिएका ग्रामीण तथा सहरी क्षेत्रमा हुने वर्गसङ्घर्ष' बनाइएको छ र यसका सूचकअन्तर्गत सामाजिक-आर्थिक शोषण, उत्पीडन र प्रतिवाद, राजनीतिक सत्तासङ्घर्ष, नारी शोषण-उत्पीडन तथा प्रेमप्रणयमा वर्गीयता, स्वदेश तथा जातिप्रेममा वर्गद्वन्द्व'लाई राखिएको छ । यस्तै शोधप्रश्न २. र ३. को पनि अवधारणा बनाई सूचक समावेश गरिएको छ (पृ. ३४) । यसरी प्रस्तुत अध्ययनमा मार्क्सवादी सिद्धान्तअन्तर्गतको वर्गद्वन्द्वका मान्यतालाई नेपाली नाटकको अनुकूल हुने गरी अवधारणा तयार पारेर र तिनका सूचकहरू समेत प्रस्तुत गरिएकाले पनि शोधमा सामग्री विश्लेषणका लागि सैद्धान्तिक आधार यथावत् लागु नहुने तथ्य स्पष्ट हुन्छ ।

घिमिरे (२०८०) मा वि.सं. २००४ देखि २०४५ सम्मका सामाजिक यथार्थवादी नेपाली उपन्यास (उद्देश्यमूलक नमुना छनोट विधिअनुरूप यस अवधिका सातओटा उपन्यासको चयन गरिएको) मा अभिव्यक्त प्रभुत्वशाली, अधीनस्थ तथा उदीयमान पिँढीहरूमा सिर्जित अनुभूतिको संरचना निर्माणको स्वरूप, प्रक्रिया र प्रयोजनको खोजी तथा विश्लेषण गरिएको छ :

> प्रस्तुत शोधकार्यका निमित्त विश्लेष्य औपन्यासिक कृतिहरूको अध्ययनको प्रमुख आधार साहित्यको समाजशास्त्र सिद्धान्तका विविध सैद्धान्तिक विश्लेषणका पद्धतिमध्ये रेमन्ड विलियम्सको 'अनुभूतिको संरचना' रहेको छ ।
> .... विलियम्सले अनुभूतिको संरचनालाई एक अवधिको संस्कृतिका रूपमा अर्थ्याएका छन् । उनका अनुसार मानव समुदाय र वातावरणबिच द्वन्द्वात्मक सम्बन्ध कायम रहन्छ । त्यस सम्बन्धबाट निर्मित मानव स्वभावमा जीवन्त अनुभूति सन्निहित हुन्छ । त्यसै सन्दर्भद्वारा निश्चत ऐतिहासिक क्षण विशेषमा आधारित हुँदै निःसृत संस्कृति नै अनुभूतिको संरचना हो । यसको मूलमा एक कालको खास समुदाय/पिँढीको जीवनानुभूति रहेको हुन्छ (पृ. ३५) ।

पक्कै पनि घिमिरे (२०८०) मा उल्लेख भएझैँ रेमन्ड विलियम्सको 'अनुभूतिको संरचना' सम्बन्धी मान्यताका आधारमा नेपाली उपन्यासको अध्ययन गर्न सकिन्छ तर विलियम्सले अध्ययन गरेको समाज र सामाजिक यथार्थवादी नेपाली उपन्यासको समाज र परिस्थिति भिन्न छन् । यसर्थ सैद्धान्तिक आधार यथावत् लागु हुन सक्ने स्थिति छैन । प्रस्तुत अध्ययनमा नेपाली उपन्यासको अध्ययनका लागि चयन गरिएका सूचकहरू 'प्रभुत्वशाली संस्कृति तथा तज्जन्य अनुभूतिको संरचना, पिँढी एवम् वैकल्पिक/अधीनस्थ संस्कृति एवम् तज्जन्य अनुभूतिको संरचना र पिँढी, उदीयमान संस्कृति एवम् तज्जन्य अनुभूतिको संरचना' (पृ. ३८) सँग विश्लेषण खण्डमा समावेश गरिएका सूचकहरू 'जातीय परिप्रेक्ष्यमा सिर्जित अनुभूतिको संरचना', 'चाकरी प्रथाका पृष्ठभूमिमा सिर्जित अनुभूतिको संरचना' (पृ. २५२-५३) को पूर्णतः समन्वय नभएकाले पनि सैद्धान्तिक आधार यथावत् रूपमा उपयोग गर्न सकिएको छैन भन्ने स्पष्ट हुन्छ । प्रस्तुत अध्ययनमै उल्लेख भएको "संस्कृतिको निर्माण देशकालपरिस्थितिका सापेक्षमा हुन्छ । धर्म, जाति, राजनीति आदि बहुविध सन्दर्भमा यसको विनिर्माण पनि भइरहेको हुन्छ ।" (पृ. ३६) भन्ने भनाइबाट पनि समाजविशेष, कालविशेष र परिस्थितिविशेषमा तयार पारिएको सैद्धान्तिक आधार सार्वकालिक र सार्वभौम बन्न सक्दैन भन्ने स्पष्ट हुन्छ ।

न्यौपाने (२०८०) मा ध्रुवचन्द्र गौतमका उपन्यासहरूको विश्लेषणका लागि अस्तित्ववादलाई सैद्धान्तिक आधार बनाइएको छ । शोधप्रबन्ध (पृ. १९) मै उल्लेख भएअनुसार अस्तित्ववाद पाश्चात्य चिन्तन परम्परामा बिसौँ शताब्दीमा विकसित जीवनदर्शन हो । यसैले यसलाई पनि यथावत् ग्रहणयोग्य बनाउन अस्तित्ववादी

जीवनदर्शनले प्रस्तुत गरेका मान्यतालाई सूचकका रूपमा प्रस्तुत गर्दै तिनै सूचकका आधारमा सोद्देश्य नमुना छनोट विधिका माध्यमबाट छनोट भएका औपन्यासिक कृतिहरूको विश्लेषण यस अध्ययनमा गरिएको छ। प्रश्न नं. (१) 'ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त निस्सारताको स्वर केकस्तो रहेको छ ?' का सूचकमा (क) जीवनको निरर्थकता (ख) अभाव र अनिश्चितता (ग) कर्म र सङ्घर्षलाई समावेश गरिएको छ (पृ. २१-२२)। यस्तै शोधप्रश्न २. र ३. को पनि अवधारणा बनाई सूचक समावेश गरिएको छ। शोधप्रश्नमा व्यक्त अवधारणाका आधारमा सूचक निर्माण गरिएकाले यसमा सामग्री विश्लेषणका लागि अस्तित्ववादका आवश्यक मान्यतालाई ग्रहण गरी अवधारणात्मक ढाँचा बनाइएको स्पष्ट हुन्छ।

बरई (२०८०) मा कथाविधाकै एक महत्त्वपूर्ण तत्त्व दृष्टिविन्दुका सैद्धान्तिक मान्यतालाई आधार बनाई भवानी भिक्षुका कथाको अध्ययन गरिएको छ। यसमा पनि प्रत्येक शोधप्रश्नका लागि सूचकहरू बनाइएको छ। प्रश्न १. 'भवानी भिक्षुका कथामा दृष्टिविन्दुका केकस्ता पद्धतिहरूको प्रयोग गरिएको छ?' का सूचकहरू हुन्: (क) संलग्न समाख्याता (ख) असंलग्न समाख्याता (ग) कथानकनिर्मितिमा पात्र (घ) पात्रविधानमा पात्र (ङ) विचारको प्रस्तुतीकरण र बोधको माध्यममा पात्र (च) पात्रको मनोविश्लेषण (पृ.१५)। यसरी शोधप्रश्न/अवधारणाका आधारमा सूचक बनाइएकाले सामग्री विश्लेषणका लागि अवधारणात्मक ढाँचा तयार पारिएको स्पष्ट हुन्छ।

शर्मा (२०८०) मा उत्तरवर्ती समय (२०३६ पछि) मा सिर्जना गरिएका नेपाली गजलमा निहित व्यङ्ग्यको अध्ययन गरिएको छ। व्यङ्ग्यका पूर्वीय र पाश्चात्त्य सैद्धान्तिक आधार तथा विभिन्न अध्येताहरूले विभिन्न विधामा केन्द्रित रहेर गरेका व्यङ्ग्यको अध्ययनबाट निकालिएको निष्कर्षलाई नेपाली गजलमा निहित व्यङ्ग्यको विश्लेषणका लागि सान्दर्भिक हुने गरी अवधारणात्मक ढाँचा तयार गरिएको छ :

> प्रस्तुत शोधकार्यमा उल्लेख गरिएकां मुख्य समस्यासँग सम्बन्धित रहेर शोधप्रश्नको प्राज्ञिक जिज्ञासा समाधानका लागि पूर्ववर्ती अध्येताहरूले व्यङ्ग्यसँग सम्बन्धित भएर गरेका विभिन्न सामग्रीको अध्ययनपश्चात् व्यङ्ग्यको विश्लेषणका लागि उपयुक्त अवधारणात्मक ढाँचा तयार गरिएको छ। सामग्री विश्लेषणका लागि निर्धारण गरिएको व्यङ्ग्यको अवधारणात्मक ढाँचा र त्यसको प्रयोगका सन्दर्भलाई विश्लेषणमा उपयोग गरिएको छ। व्यङ्ग्यका पूर्वीय र पाश्चात्त्य सैद्धान्तिक आधार तथा विभिन्न अध्येताहरूले

> विभिन्न विधामा केन्द्रित रहेर गरेका व्यङ्ग्यको अध्ययनबाट निकालिएको निष्कर्षलाई नेपाली व्यङ्ग्य गजल विश्लेषणका लागि सान्दर्भिक हुने गरी अवधारणात्मक ढाँचा तयार गरिएको छ (पृ. २१) ।

गजलमा अभिव्यक्त व्यङ्ग्यको अध्ययनका लागि व्यङ्ग्यलाई विषयगत र स्वरूपगत आधारमा छुट्याएर तिनको अवधारणा तय गरिएको छ । व्यङ्ग्यको अध्ययनका लागि राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषय निर्धारण गरी तिनको उपयुक्त अवधारणापश्चात् गजलको विश्लेषण गरिएको छ । यसै गरी नेपाली गजलमा प्रयुक्त व्यङ्ग्यका स्वरूपअन्तर्गत हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशय कथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौजलाई समावेश गरी तिनको अवधारणा र सूचकको निर्धारण गरी गजलहरूको विश्लेषण गरिएकाले यस अध्ययनबाट पनि अवधारणात्मक ढाँचाको औचित्यको पुष्टि हुन्छ ।

लुइटेल (२०८१) मा नेपाली मनोविश्लेषणात्मक कथा (१९९२-२०३५) मा समाख्यानात्मक वाच्यत्व, सङ्केन्द्रण एवम् कथनीयताको अध्ययन गरिएको छ र यसका लागि समाख्यान शास्त्रलाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ :

> नेपाली मनोविश्लेषणात्मक कथामा केकस्तो समाख्यानात्मक वाच्यत्व पाइन्छ भन्ने शोधप्रश्न १ सँग सम्बद्ध सामग्रीको विश्लेषणका निम्ति समाख्याताका प्रकार तथा समाख्याताको स्वरलाई आधार बनाइएको छ । यसमा समाख्याताका प्रकार कुन कुन हुन्, तिनको समाख्यानात्मक स्वर कस्तो छ र तिनले नेपाली मनोविश्लेषणात्मक कथाको संरचनामा कस्तो प्रभाव पारेका छन् भन्ने कुराको अध्ययन गरिएको छ । यस शोधप्रश्नको प्राज्ञिक तथा प्रामाणिक समाधानका लागि मुख्यतः जेने (सन् १९८०/१९८८) का मान्यतालाई आधार बनाइएको छ । त्यस्तै बल (सन् १९८३/१९८५), रिम्मोन-किनन (सन् १९८३/१९८८), लन्सेर (सन् १९८१), यान (सन्२०१७), च्याटमन (सन् १९७८), बार्थ (सन् १९७५) लगायत समाख्यानशास्त्रीद्वारा प्रतिपादित वाच्यत्वसम्बन्धी मान्यताको विश्लेषण गरी अवधारणाको निर्माण गरेर नेपाली मनोविश्लेषणात्मक कथामा पाइने समाख्यानात्मक वाच्यत्वको अध्ययन गरिएको छ (पृ. ४३) ।

यस्तै शोध प्रश्न २ र ३ को पनि समाख्यानशास्त्रीका सैद्धान्तिक मान्यताको उपयोग गरी अवधारणा र सूचकको निर्माण गरी विश्लेषण गर्ने आधार बनाइएकाले सामग्रीको विश्लेषणका लागि सैद्धान्तिक आधार मात्र पर्याप्त नभई अवधारणात्मक ढाँचा आवश्यक छ भन्ने प्रस्तुत अध्ययनबाट पनि स्पष्ट हुन्छ ।

शर्मा (२०८१) मा गण्डकी प्रदेशमा प्रचलित लोककथामा लोकविश्वासको अध्ययन गरिएको छ । यसका लागि लोकसाहित्यिक अध्ययनमा स्थापित रहिआएको लोकविश्वाससम्बन्धी अवधारणालाई सामग्री विश्लेषणको मुख्य आधार बनाइएको छ । शोध प्रश्न १. का लागि नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रकारगत सूचकहरू १. धार्मिक मान्यता २. सामाजिक व्यवहार ३. असाधारण शक्ति, ४. शुभाशुभ ५. जादु र तन्त्रमन्त्र ६. निषेध ७. विश्वब्रह्माण्ड सम्बन्धी लोकविश्वासलाई विभिन्न उपसूचकमा वर्गीकरण गरी विश्लेषण गर्ने अवधारणात्मक ढाँचा तयार पारिएको छ । यस्तै शोध प्रश्न २. र ३.को पनि अवधारणात्मक ढाँचा तयार पारिएको छ । यस अध्ययनबाट पनि शोधमा सैद्धान्तिक ढाँचा मात्र पर्याप्त छैन, अवधारणात्मक ढाँचा आवश्यक छ भन्ने स्पष्ट हुन्छ ।

## ४. शोधप्रक्रियामा सैद्धान्तिक आधार र अवधारणात्मक ढाँचा

नेपालीका उपर्युक्त विद्यावारिधि शोधप्रबन्धबाट स्पष्ट भएको कुरो के हो भने शोध तत्त्वसम्बन्धी यथार्थ ज्ञान वा नयाँ ज्ञान प्राप्तिका लागि गरिने व्यवस्थित अध्ययन हो । तत्त्वको यथार्थ ज्ञान वा यससम्बन्धी नयाँ ज्ञानका लागि गरिने अध्ययन भएकाले शोध भावना र कल्पनाका आधारमा सृजना गरिने साहित्य जस्तो कलात्मक प्रस्तुति नभई तर्क र प्रमाणका आधारमा सम्पन्न गरिने प्राज्ञिक र वस्तुनिष्ठ कार्य हो । यसैले तर्क र प्रमाण/सैद्धान्तिक आधारविना गरिएको शोध व्यवस्थित हुँदैन र यो मूल्यवान् पनि हुँदैन । विभिन्न विधि र उपकरणबाट सूचना/सामग्री सङ्कलन गरी सैद्धान्तिक आधार र त्यसले निर्देश गरेबमोजिमको अवधारणात्मक ढाँचाका आधारमा शोधप्रश्नको उत्तरको खोजी गरिने भएकाले शोध वैध र विश्वसनीय कार्य हो । यसैले शोधमा शोधशीर्षक, शीर्षकका आधारमा तयार पारिएका शोधप्रश्न, शोधप्रश्नको प्रकृतिसँग मिल्ने पूर्ववर्ती सिद्धान्तका मान्यता र पूर्वकार्यको अध्ययनका आधारमा तयार पारिएका अवधारणा र तिनका सूचकहरूको व्याख्याविश्लेषणद्वारा निष्कर्ष प्रस्तुत गरिन्छ ।

अध्ययनका लागि छनोट गरिएका उपर्युक्त दशओटा शोधप्रबन्धमध्ये कुँवर (२०८०), खनाल (२०८०), न्यौपाने (२०८०), बरई (२०८०), शर्मा (२०८०), लुइटेल (२०८१) र शर्मा (२०८१) मा सामग्रीको विश्लेषणका लागि अवधारणात्मक ढाँचा तयार पारिएको छ भने गिरी (२०७४), पौडेल (२०७५) र घिमिरे (२०८०) मा पूर्ववर्ती सिद्धान्तका आधारमा सामग्रीको विश्लेषण गरिएको छ । सैद्धान्तिक आधार यथावत् ग्रहण गरिएका शोधप्रबन्धमा सैद्धान्तिक ढाँचाअन्तर्गत उल्लेख गरिएका र विश्लेषण खण्डअन्तर्गतका सूचकको समन्वय नहुनुले सामग्री विश्लेषणका लागि पूर्ववर्ती सिद्धान्तलाई यथावत् रूपमा ग्रहण गर्न सकिँदैन भन्ने कुरामा थप प्रमाण मिलेको छ । यसैले यहाँ उपर्युक्त शोधप्रबन्धमै उल्लेख गरिएका शोधविधि, सैद्धान्तिक आधार, विश्लेषण र निष्कर्षलाई आधार बनाएर शोधप्रक्रियामा सैद्धान्तिक आधार र अवधारणात्मक ढाँचाको स्वरूप, भूमिका र यी दुईका बिचको अन्तर्सम्बन्धको निर्क्योल गरिन्छ :

## ५. सैद्धान्तिक र दार्शनिक आधार

अध्ययनका लागि चयन गरिएका नेपालीका उपर्युक्त (क) *आधुनिक नेपाली कथामा अभिघात,* (ख) *नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू,* (ग) *आधुनिक नेपाली कवितामा शास्त्रीय भौतिकी,* (घ) *प्रगतिवादी नेपाली नाटकमा वर्गद्वन्द्व,* (ङ) *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना,* (च) *ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद,* (छ), भवानी भिक्षुका कथामा दृष्टिविन्दु, (ज) *उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य,* (झ) *नेपाली मनोविश्लेषणात्मक कथामा समाख्यान,* (ञ) *गण्डकी प्रदेशमा प्रचलित लोककथामा लोकविश्वास* शोधप्रबन्धमा क्रमशः अभिघात, मार्क्सवादी सौन्दर्यशास्त्र, भौतिक शास्त्र, मार्क्सवादी सिद्धान्तको वर्गद्वन्द्व, रेमन्ड विलियम्सद्वारा प्रस्तावित अनुभूतिको संरचना, अस्तित्ववाद, दृष्टिविन्दु, व्यङ्ग्य, समाख्यान र लोकविश्वासलाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरी तिनका आधारमा सामग्रीको व्याख्याविश्लेषण गरी निष्कर्ष/सत्य प्रस्तुत गरिएको छ । यस अर्थमा पूर्वस्थापित सिद्धान्त नै उत्तरवर्ती शोधका लागि सैद्धान्तिक आधारको काम गर्दछन् भन्ने स्पष्ट हुन्छ ।  सिद्धान्त शब्दले दिने अर्थबाट पनि यस तथ्यको पुष्टि हुन्छ । 'सिद्धः अन्तो यस्य सः' अर्थात् 'जसको अन्त (निष्कर्ष) सिद्ध भएको छ' यस विग्रहबाट बहुव्रीहि समास भई 'सिद्ध+अन्त' र त्यसमा सवर्णदीर्घ सन्धिप्रक्रिया (*अष्टाध्यायी, ६।१।१०१*) घटित भई बनेको 'सिद्धान्त' शब्दले तर्क र प्रमाणद्वारा सिद्ध भएको निष्कर्षलाई बुझाएको छ । तर्क र प्रमाणद्वारा सिद्ध भएको

निष्कर्ष भनेको तत्त्वसम्बन्धी यथार्थज्ञान वा नयाँ ज्ञान हो । यसैले विभिन्न तत्त्व र तत्सम्बद्ध विचारको यथार्थ ज्ञान हुनुलाई शोधमा सत्यज्ञान हुनु भनिन्छ । भ्रम र कल्पना सत्य नहुने भएकाले यथार्थ ज्ञान होइनन् । तर्क र प्रमाणद्वारा सत्य सिद्ध भएका विज्ञानका $H_2O$, EÖ mc2 जस्ता सूत्र र उपर्युक्त शोधप्रबन्धमा विश्लेषणका आधारका रूपमा लिइएका मार्क्सवाद, अस्तित्ववाद, अनुभूतिको संरचना सिद्धान्त हुन् । अध्ययनका लागि चयन गरिएका उपर्युक्त सबै शोधप्रबन्धमा पनि तर्क र प्रमाण/सैद्धान्तिक आधारद्वारा सिद्ध भएको निष्कर्ष प्रस्तुत गरिएको छ । मार्क्सवाद र अस्तित्ववाद जस्ता स्थापित सिद्धान्त र उपर्युक्त शोधप्रबन्धमा प्रस्तुत भएको निष्कर्षको अन्तर के हो भने स्थापित सिद्धान्तहरूमा आगमनात्मक विधिबाट सत्य सिद्ध गरिएको छ भने उपर्युक्त शोधप्रबन्धमा चाहिँ निगमनात्मक विधिबाट सत्य सिद्ध गरिएको छ । यसैले निगमनात्मक विधिबाट गरिने शोधप्रक्रियामा स्थापित सिद्धान्तले सैद्धान्तिक आधारको काम गरेका हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

उपर्युक्त शोधप्रबन्धमा प्रस्तुत सैद्धान्तिक आधारको प्रकृति र कार्यको अध्ययन गर्दा प्राप्त भएको अर्को निष्कर्ष के हो भने सैद्धान्तिक आधारलाई दार्शनिक आधार पनि भन्न सकिन्छ । उपर्युक्त शोधप्रबन्धमा सामग्री विश्लेषणका लागि आधार बनाइएका सिद्धान्त तथा दर्शनको प्रकृति र प्रक्रिया मिल्ने भएकाले सैद्धान्तिक आधारलाई दार्शनिक आधार भन्ने सकिने स्थिति देखिएको हो । सिद्धान्त र दर्शनमा समानता छ भन्ने तथ्य दर्शन शब्दले दिने अर्थबाट पनि स्पष्ट हुन्छ । 'विशेष प्रकारले हेर्नु' भन्ने अर्थ बुझाउने 'दृशिर्' धातुमा करण अर्थमा ल्युट् (अन) प्रत्ययको संयोजन भएर बनेको दर्शन (*अष्टाध्यायी,* ३।३।१५) शब्दले हेराइ वा हेर्ने साधनलाई बुझाउँछ । यही व्युत्पत्तिजन्य अर्थलाई वहन गर्दै दर्शन शब्दले व्यापक अर्थमा जीवनजगत्प्रतिको सूक्ष्म दृष्टि वा जीवनजगत्लाई सूक्ष्म रूपमा नियाल्ने साधनभूत सिद्धान्तलाई बुझाएको छ । दर्शनमा तत्त्व के हो, तत्त्वलाई कसरी कुन प्रमाण/ज्ञानका आधारमा पुष्टि गर्न सकिन्छ र प्रमाणका आधारमा सिद्ध तत्त्वसम्बन्धी सत्य (यथार्थ ज्ञान)को मूल्य (उपयोगिता, सौन्दर्य र नैतिकता) के हो ? यी तीन तत्त्व मुख्य रूपमा प्रतिपादन गरिएका हुन्छन् । दर्शनले प्रस्तुत गरेका यी तीन तत्त्वको समन्वित रूपलाई नै दार्शनिक आधार भनिन्छ । सिद्धान्तमा पनि यी तीनै तत्त्वको प्रस्तुति हुने भएकाले सामग्रीको विश्लेषण पनि यी तीनै तत्त्वमा आधारित भएर गरिन्छ भन्ने कुरा नेपालीका उपर्युक्त शोधप्रबन्धबाट स्पष्ट भएको छ । दर्शन र सिद्धान्त दुवैमा रहेका यी तीन तत्त्वको अध्ययन गर्ने विधालाई तत्त्वमीमांसा

(Ontology), ज्ञानमीमांसा (Epestemology) र मूल्यमीमांसा (Oxiology) भनिन्छ। यसैले सैद्धान्तिक आधारलाई स्पष्ट रूपमा बुझ्न यी तीन विधाको ज्ञान हुनु आवश्यक छ :

## ५.२ तत्त्वमीमांसा

उपर्युक्त शोधप्रबन्धमा साहित्यिक कृतिमा निहित अभिघात, द्वन्द्व, व्यङ्ग्य, अस्तित्व जस्ता सारतत्त्व/विचार तत्त्वको खोजी गरिएकाले शोधको मुख्य उद्देश्य तत्त्वनिरूपण गर्नु हो भन्ने स्पष्ट हुन्छ । सैद्धान्तिक/दार्शनिक आधारअन्तर्गतको तत्त्वमीमांसा शब्दको अर्थ पनि तत्त्वको चिन्तन गर्नु भन्ने नै हुन्छ । यस सन्दर्भमा तत्त्व कति प्रकारका हुन्छन् र शोधले केकस्ता तत्त्वको खोजी गर्दछन् भन्ने बुझ्नु पनि आवश्यक देखिन्छ। साहित्यिक शोधमा चाहिँ विचारतत्त्वको खोजी गरिन्छ भन्ने तथ्य अध्ययनका लागि छनोट गरिएका उपर्युक्त शोधप्रबन्धको शीर्षकबाट स्पष्ट भइसकेको छ। तत्त्वमीमांसाका अनुसार तत्त्वहरू तर्क र प्रमाणद्वारा जानिने (ज्ञेय) विषय हुन्। जानिने विषय भएकाले नै तत्त्वलाई पूर्वीय दर्शनले प्रमेय भनेको छ (*न्यायसूत्र* १।१।९)। 'प्र+माङ +यत्' बाट बनेको प्रमेय शब्दको अर्थ जानिने वस्तु हो । पूर्वीय दर्शनमा प्रमेय/तत्त्वको चिन्तन गर्ने पहिलो दर्शन साङ्ख्य दर्शन हो। साङ्ख्य दर्शनले प्रकृति, महत्तत्त्व (बुद्धि), अहङ्कार, पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय, मन, पाँच तन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द), पाँच महाभूत (पृथ्वी, जल, तेज, वायु र आकाश) र पुरुष गरी २५ तत्त्व मानेको छ (*साङ्ख्यकारिका,* श्लोक ३)। यी २५ तत्त्वहरू प्रमाणद्वारा जानिने भएकाले यिनलाई प्रमेय भनिएको हो । यी तत्त्वमध्ये सुरुका २४ तत्त्वलाई जड र पुरुषलाई चेतन मानेकाले साङ्ख्य दर्शनले भौतिक र चेतन गरी मुख्य दुई तत्त्व स्विकारेको स्पष्ट हुन्छ। योगदर्शनले यी २५ तत्त्वमा ईश्वरलाई समेत थपेर २६ तत्त्व मानेको छ । योगदर्शनले "क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेषः ईश्वरः" (*योगसूत्र,* २४) अर्थात् अज्ञान आदि दुख, राम्रा नराम्रा कर्म र तिनको फल तथा संस्कारद्वारा प्रभावित नहुने पुरुषविशेष नै ईश्वर हो । यसको तात्पर्य के हो भने अल्पज्ञत्वविशिष्ट (थोरै जान्ने) चेतन जीव हो भने सर्वज्ञत्वविशिष्ट (सबै जान्ने) चेतन हो । संसारका अन्य जीवभन्दा मानिसमा जान्ने क्षमता धेरै भएकाले मानिस ईश्वरको नजिक छ र आफूमा बाँकी रहेको अज्ञान नाश गरेको अवस्था ऊ पनि ईश्वर बन्दछ भन्ने मान्यता योगदर्शनको हो । मानिस र ईश्वरमा ज्ञानक्षमतागत मात्राका आधारमा मात्र भिन्नता हुन्छ । राम, कृष्ण र बुद्धलाई भगवान् भन्नुको कारण यही हो । यसर्थ ईश्वर पनि जानिने तत्त्व भएकाले प्रमेयअन्तर्गत पर्दछ ।

साङ्ख्य दर्शनले प्रकृति र पुरुषलाई नित्य तथा अन्य तत्त्वलाई परिणामी अर्थात् नित्य तत्त्वबाट बनेको मानेको छ । योगदर्शनले ईश्वरलाई समेत थपेर तीन तत्त्वलाई नित्य मानी अन्यलाई परिणामी मानेको छ । उत्तरवर्ती अन्य दार्शनिक सम्प्रदायले पनि यिनै तत्त्वको चर्चा गरी अन्य केही तत्त्व समावेश गरेका छन् । वैशेषिक दर्शनले उपर्युक्त तत्त्वका साथै काल, दिक्, आत्मा, गुण (रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या, परिमाण आदि), कर्म, सामान्य (जाति), विशेष र समवायलाई समेत तत्त्वमा समावेश गरेको छ (*प्रशस्तपादभाष्य,* २०७८, पृ. १००-५०७) । न्यायदर्शनले वैशेषिक दर्शनले मानेका सबै तत्त्वलाई स्विकार्नुका साथै प्रमाण, तर्क, संशय आदि साधन ज्ञानलाई पनि तत्त्वमै समावेश गरेको छ *(न्यायसूत्र* १।१।१) । प्रमाण, तर्क, संशय भनेका कुनै पनि तथ्यलाई पुष्टि गर्ने आधार भएकाले सैद्धान्तिक आधारका अङ्ग हुन् । सैद्धान्तिक आधारका अङ्गलाई पनि प्रमेय तत्त्वका रूपमा चर्चा गरिएकाले न्यायदर्शनलाई प्रमाण शास्त्र भनिन्छ । वेदान्त दर्शनले दृक् (चेतन तत्त्व) र दृश्य (भौतिक तत्त्व) गरी दुई प्रकारका तत्त्व मानेको छ र उपर्युक्त सबै तत्त्वलाई यी दुईअन्तर्गत समावेश गरेको छ ।

पाश्चात्य दर्शनको परम्परामा पनि तत्त्व के हो र यो कति प्रकारको छ भन्ने बारेमा मतैक्य भेटिँदैन । प्लेटोले विचारलाई सत्य (तत्त्वको यथार्थ रूप) मानेका छन् (हेल, सन् २००९, पृ. ६५-७३) भने उत्तरवर्ती भौतिकवादीहरूले चाहिँ भौतिक पदार्थलाई सत्य मानेका छन् (मुनरो, सन् १९०८, पृ. ७३-७४) । उत्तरवर्ती पाश्चात्य चिन्तनमा भौतिक तत्त्वलाई वस्तु (substances), गुण (properties), सम्बन्ध (relations), कार्यका अवस्था (states of affairs) र घटना (events) पाँच प्रकारमा वर्गीकरण गरिएको छ (क्याम्पबेल, सन् २००६, पृ २३-२५) । तत्त्वसम्बन्धी यो वर्गीकरण वैशेषिक दर्शनसँग मिल्दोजुल्दो देखिए पनि यसमा चेतन/आत्मालाई तत्त्व मानिएको छैन । यिनै तत्त्वबाट जीवन जगत्को सृष्टि हुने भएकाले जीवनजगत्मा यी तत्त्व र तत्सम्बद्ध विचार हुन्छन् । जीवनजगत् विचारको मूर्त रूप भएकाले विचारका माध्यमबाट जीवनजगत्को खोजी हुन्छ भने जीवनजगत्का माध्यमबाट विचारको पनि खोजी हुन्छ । "समाजशास्त्रमा भैँ साहित्यमा वस्तुपरक तथ्य हुँदैन, हुन्छ केवल आत्मपरक अनुभूतिको मूर्तविधान" (श्रेष्ठ, २०७९, पृ. ५०) । यसैले अध्ययनका लागि चयन गरिएका उपर्युक्त शोधप्रबन्धमा पुस्तकालय कार्यबाट सङ्कलित सामग्री (साहित्यिक कृति) मा निहित जीवनजगत्सँग सम्बद्ध विचार तत्त्वको खोजी गरिएको छ । साहित्यिक कृतिमा निहित विचार तत्त्वको खोजीका

लागि तत्त्वमीमांसाका मान्यतामा आधारित भई शोधशीर्षक, शोधप्रश्न, अवधारणा र सूचकलाई निम्नलिखित तालिकाअनुसार समावेश गर्नु उपयुक्त हुने देखिन्छ :

**तालिका १.** *तत्त्वमीमांसाले निर्देश गरेअनुसार शोधशीर्षक, शोधप्रश्न, अवधारणा र सूचक*

| **शोधशीर्षक** | **शोधप्रश्न** | **अवधारणा** | **सूचक** |
|---|---|---|---|
| १. आधुनिक नेपाली कवितामा व्यङ्ग्य | आधुनिक नेपाली कवितामा केकस्तो व्यङ्ग्य अभिव्यक्त भएको छ ? | आधुनिक नेपाली कवितामा व्यङ्ग्य | - सामाजिक व्यङ्ग्य<br>- राजनीतिक व्यङ्ग्य<br>- आर्थिक व्यङ्ग्य<br>- धार्मिक व्यङ्ग्य<br>- सांस्कृतिक व्यङ्ग्य<br>- वैयक्तिक व्यङ्ग्य |
| २. आधुनिक नेपाली नाटकमा द्वन्द्व | २. आधुनिक नेपाली नेपाली नाटकमा केकस्तो द्वन्द्व अभिव्यक्त भएको छ ? | आधुनिक नेपाली नाटकमा द्वन्द्व | - शारीरिक द्वन्द्व<br>- मनोवैज्ञानिक द्वन्द्व<br>- वर्गीय द्वन्द्व |

तत्त्वमीमांसाले निर्देश गरेअनुसार साहित्यिक कृतिमा निहित विचार तत्त्वको खोजीका लागि 'के' प्रश्नको उत्तर आउनुपर्ने हुन्छ । 'के' प्रश्नको उत्तरमा आउने विषयवस्तु नै साहत्यिक कृतिमा निहित तत्त्व हो ।


## ५.२ ज्ञानमीमांसा

उपर्युक्त शोधप्रबन्धमा सामग्रीविश्लेषणका लागि पूर्वस्थापित ज्ञान/सिद्धान्तलाई आधार बनाइएको कुरा उल्लेख गरिसकियो । ज्ञानमीमांसा पनि यही सैद्धान्तिक आधारका रूपमा रहेको ज्ञानका बारेमा चिन्तन गर्ने विधा हो भन्ने कुरा 'ज्ञानमीमांसा' (ज्ञानको चिन्तन गर्ने विधा) शब्दबाट पनि स्पष्ट हुन्छ । उपर्युक्त शोधप्रबन्धका आधारमा भन्दा ज्ञान साध्य र साधन ज्ञान गरी दुई किसिमका हुन्छन् । शोधबाट प्राप्त हुने निष्कर्ष साध्य ज्ञान हो भने त्यसको प्राप्तिका लागि सहयोग गर्ने ज्ञान साधन ज्ञान हो । ज्ञानमीमांसाले ज्ञानको प्रकृतिका साथै शोधलाई अघि बढाउन सकिने ज्ञानको बारेमा अध्ययन गर्दछ (लिभी, सन् २०१७, पृ. ११) यस भनाइले पनि ज्ञानमीमांसाले ज्ञानको सृजना गर्ने साधन ज्ञानका साथै त्यसबाट प्राप्त हुने ज्ञानको प्रकृतिलाई समेत सङ्केत गरेको छ भन्ने स्पष्ट हुन्छ । यसैले साध्य ज्ञान र साधन ज्ञानको कार्यकारणभाव सम्बन्ध हुन्छ । यति हुँदाहुँदै पनि ज्ञानमीमांसामा प्रयुक्त

ज्ञान शब्दले चाहिँ मुख्यतः साधन ज्ञानलाई बुझाएको छ । यसर्थ शोधका सन्दर्भमा साधनज्ञान भनेको सैद्धान्तिक आधार हो ।

साधन ज्ञानलाई पूर्वीय दर्शनले प्रमाणअन्तर्गत समावेश गरेको छ । पूर्वीय दर्शनले उल्लेख गरेबमोजिम शोधको सैद्धान्तिक आधारका रूपमा रहेका प्रमाणहरू प्रत्यक्ष, अनुमान, उपमान र शब्द गरी चार प्रकारका छन् (*न्यायसूत्र* १।१।३) । इन्द्रिय र अर्थ/वस्तु को सन्निकर्षबाट हुने ज्ञान प्रत्यक्ष ज्ञान हो । कुनै पनि पहिले घटित भइसकेका कामकुरा, वस्तु, व्यक्ति, वस्तु विषयआदिबारे प्राक्कल्पनाका आधारमा ज्ञान गर्न सहयोग गर्ने प्रमाण अनुमान, उदाहरणका माध्यमबाट ज्ञान गराउने माध्यम उपमान प्रमाण र शब्दका माध्यमबाट ज्ञान गराउने माध्यम शब्दप्रमाण हो । यसरी अध्ययन, अवलोकन, अनुमान/प्राक्कल्पना, उदाहरण र व्याख्याका माध्यमबाट ज्ञान गराउने भएकाले प्रत्यक्ष, अनुमान, उपमान र शब्द प्रमाण हुन् भन्ने पूर्वीय दर्शनको निष्कर्ष हो । गुणात्मक प्रकृतिका शोधमा उपर्युक्त प्रमाणमध्ये अनुमान प्रमाण निकै उपयोगी हुने देखिन्छ । गुणात्मक उपागममा आधारित उपर्युक्त शोधप्रबन्धमा प्रस्तुत पद्धति पनि यसकै निकटतम देखिन्छ । अनुमान प्रमाणले हेतु, उदाहरण, वाद, जल्प, वितण्डा आदिका माध्यमबाट प्राक्कल्पनाको पुष्टि गर्दछ, जस्तै :

**आरेख १. शोधप्रक्रिया र सैद्धान्तिक आधार**




आरेख १.मा उल्लेख भएअनुसार प्रतिज्ञा भनेको शोध क्षेत्रको चयन अर्थात् समस्या कथन हो । हेतु र उदाहरण समस्या समाधानका प्रमाण अर्थात् सैद्धान्तिक आधार हुन् । यहाँ 'पर्वतमा आगो छ' भन्ने प्राक्कल्पनालाई हेतु र उदाहरणका

माध्यमबाट प्रमाणित गरिएको छ । उदाहरणका आधारमा 'पर्वतमा आगो छ' भन्ने तत्त्वगत सत्यको पुष्टि भए पनि यहाँ परिवेश भिन्न भएकाले 'पर्वतको आगो' र 'भान्छाको आगो' मूल्यका दृष्टिले फरक छन् । पर्वतको आगो प्रायः अव्यवस्थित र विध्वंसकारी हुन्छ भने भान्छाको आगो प्रायः व्यवस्थित र उपयोगी हुन्छ । यस्तै आधुनिक नेपाली कथामा अभिघातको अध्ययन गर्ने क्रममा 'द्वन्द्व भएकाले' हेतु र 'विश्वयुद्ध' को उदाहरण दिँदा विश्वयुद्धको प्रभाव र नेपालमा भएका युद्धको प्रभाव भिन्न हुने भएकाले उक्त उदाहरण मात्र नेपाली आधुनिक कथामा अभिव्यक्त अभिघातको अध्ययनका लागि उपयोगी हुँदैन । घर्ती (२०८०) मा पनि "मार्क्स, एङ्गेल्स आदिका सबै सिद्धान्त शोधमा यथावत् राख्न सम्भव हुँदैन । आवश्यकताअनुसार तिनको ग्रहण गरिन्छ" (पृ. २१) भनिएको छ । यसर्थ शोधप्रक्रियामा सङ्लित सामग्रीको विश्लेषणका लागि पूर्वस्थापित सैद्धान्तिक आधार मात्र पर्याप्त हुँदैन भन्ने स्पष्ट हुन्छ। यति हुँदाहुँदै पनि उपर्युक्त शोधप्रबन्धका आधारमा शोधप्रक्रियामा सैद्धान्तिक आधार साधन ज्ञान र निष्कर्ष साध्य ज्ञान भएकाले यी दुईबिच साध्यसाधनभाव सम्बन्ध हुन्छ भन्न चाहिँ सकिन्छ । यसर्थ साहित्यिक कृतिमा निहित जीवनजगत्सँग सम्बद्ध विचार तत्त्वको खोजीका लागि आधार बनाइने साधन ज्ञान भनेको सैद्धान्तिक आधार हो । ज्ञानमीमांसाले निर्देश गरेअनुसार सैद्धान्तिक आधार (साधन ज्ञान) सँग सम्बद्ध शोधशीर्षक, शोधप्रश्न, अवधारणा र सूचकलाई निम्नलिखित तालिकाअनुसार समावेश गर्नु उपयुक्त हुने देखिन्छ :

**तालिका २.** *ज्ञानमीमांसाले निर्देश गरेअनुसार शोधशीर्षक, शोधप्रश्न, अवधारणा र सूचक*

| **शोधशीर्षक** | **शोधप्रश्न** | **अवधारणा** | **सूचक** |
|---|---|---|---|
| १. आधुनिक नेपाली कवितामा व्यङ्ग्य | आधुनिक नेपाली कवितामा व्यङ्ग्य कसरी अभिव्यक्त भएको छ ? | आधुनिक नेपाली कवितामा व्यङ्ग्ययोजना | - विषवस्तुको चयन<br>- व्यङ्ग्ययोजना<br>- भाषाशैली |
| २. आधुनिक नेपाली नाटकमा द्वन्द्व | २. आधुनिक नेपाली नेपाली नाटकमा द्वन्द्व कसरी अभिव्यक्त भएको छ ? | आधुनिक नेपाली नाटकमा द्वन्द्वयोजना | -विषयवस्तुको चयन<br>- नाटकमा द्वन्द्वयोजना<br>- भाषाशैली |

ज्ञानमीमांसाले निर्देश गरेअनुसार साहित्यिक कृतिमा निहित विचार तत्त्वको खोजीका लागि आधार बनाइने सैद्धान्तिक आधार (साधन ज्ञान) को सङ्केत 'कसरी' प्रश्नबाट गरिन्छ । यो भनेको साधन ज्ञानको प्रयोग गरी साध्यज्ञानको खोजी गर्नु हो । साहित्यमा स्रष्टाले विधातत्त्वको ज्ञानका आधारमा आफ्नो भाव/विचारलाई विधागत संरचनामा प्रस्तुत गर्ने भएकाले शोधार्थीले पनि विधातत्त्वगत सैद्धान्तिक ज्ञानका आधारमा कृतिमा निहित विचार तत्त्वको खोजी गर्नुपर्ने हुन्छ । यसैले साहित्यका सन्दर्भमा विधागत सैद्धान्तिक ज्ञान चाहिँ साधन ज्ञान हो ।

## ५.३ मूल्यमीमांसा

उपर्युक्त शोधप्रबन्धमा प्रस्तुत भएका निष्कर्षहरू वैचारिक मार्गदर्शनका दृष्टिले समाजका लागि उपयोगी भएकाले मूल्यवान् छन् । मूल्यमीमांसा शोधमा प्रस्तुत भएको यही मूल्यको चिन्तन गर्ने विधा हो । मूल्य मीमांसाका अनुसार मूल्य भनेको कुनै पनि वस्तु वा व्यक्तिको मापन गर्ने गुण हो । शोधका सन्दर्भमा भने मूल्य भनेको यसले नयाँ ज्ञानका माध्यमबाट समाजमा पार्ने प्रभाव हो । समाजमा पार्ने प्रभावका आधारमा शोधको मूल्याङ्कन हुने गर्दछ । पूर्वीय दर्शनले शोधबाट प्राप्त ज्ञानलाई प्रमा/यथार्थज्ञान भनेको छ र यो ज्ञान समाजका लागि निकै उपयोगी रहेको मान्यता प्रस्तुत गरेको छ । यही ज्ञानलाई मानवजीवनका मूल्यभूत पुरुषार्थ धर्म (कर्तव्यबोध), अर्थ (सम्पत्ति) काम(इच्छापूर्ति) र मोक्ष (परम आनन्द) प्राप्त गराउने साधनका रूपमा लिएको छ (*वेदान्तपरिभाषा,* सन् १९८३, पृ. ६) । यतिमात्र होइन, "विद्ययाऽमृतमश्नुते" (*ईशावास्योपनिषद्* ११) अर्थात् ज्ञानबाटै अमरत्व/मोक्ष/परमआनन्दको स्थिति प्राप्त हुन्छ भन्दै ज्ञानलाई मानव जीवनको परम मूल्य प्राप्त गराउने साधनका रूपमा रूपमा लिइएको छ। यसरी मूल्यअन्तर्गत मानवीय कर्तव्य, नैतिकता, सन्देश, सौन्दर्य र आनन्दलगायतका जीवनोपयोगी मूल्य समाविष्ट हुने भएकाले शोधबाट प्राप्त निष्कर्ष पनि यी मूल्यका दृष्टिले समाजोपयोगी हुनुपर्छ भन्ने मूल्यमीमांसाको मान्यता हो । मूल्यमीमांसाले निर्देश गरेअनुसार सैद्धान्तिक आधार (साधन ज्ञान)सँग सम्बद्ध शोधशीर्षक, शोधप्रश्न, अवधारणा र सूचकलाई निम्नलिखित तालिकाअनुसार समावेश गर्नु उपयुक्त हुने देखिन्छ :

**तालिका ३.** *मूल्यमीमांसाले निर्देश गरेअनुसार शोधशीर्षक, शोधप्रश्न, अवधारणा र सूचक*

| शोधशीर्षक | शोधप्रश्न | अवधारणा | सूचक |
|---|---|---|---|
| १. आधुनिक नेपाली कवितामा व्यङ्ग्य | १. आधुनिक नेपाली कवितामा किन व्यङ्ग्यको अभिव्यक्ति गरिएको हो ? | आधुनिक नेपाली कवितामा अभिव्यक्त व्यङ्ग्यले पारेको प्रभाव | - सामाजिक क्षेत्रमा प्रभाव<br>-राजनीतिक क्षेत्रमा प्रभाव<br>- धार्मिक क्षेत्रमा प्रभाव<br>-सांस्कृतिक क्षेत्रमा प्रभाव |
| २. आधुनिक नेपाली नाटकमा द्वन्द्व | २. आधुनिक नेपाली नेपाली नाटकमा किन द्वन्द्वको अभिव्यक्ति गरिएको हो ? | आधुनिक नेपाली नाटकमा अभिव्यक्त द्वन्द्वले पारेको प्रभाव | - शारीरिक प्रभाव<br>- मानसिक प्रभाव<br>- सामाजिक प्रभाव |

मूल्यमीमांसाले निर्देश गरेअनुसार साहित्यिक कृतिमा निहित विचार तत्त्वको मूल्यको खोजीका लागि 'किन' प्रश्नलाई आधार बनाउनुपर्ने हुन्छ । शोधमा मूल्यको खोजी गर्ने कार्य तत्त्वको खोजीका क्रममा पनि गर्न सकिन्छ। यसो गर्दा शोधशीर्षकमा 'के' र 'कसरी' प्रश्नको खोजी गर्दा मात्र पुग्छ । तत्त्वसँगै मूल्यको खोजी गर्न सकिने भएकाले निगमनात्मक विधिका आधारमा गरिने कुनै पनि शोधमा तत्त्व (साध्य ज्ञान) र त्यसको प्राप्तिको साधन सैद्धान्तिक आधारलाई सङ्केत गर्ने दुईओटा मात्र शोधप्रश्न राख्न सकिन्छ ।


## ६. सैद्धान्तिक आधार र सत्य

शोधका सन्दर्भमा सत्य/यथार्थ ज्ञान प्राप्त गराउने साधन सैद्धान्तिक आधार हो भन्ने बारेमा सङ्कलित शोधप्रबन्धका आधारमा गरिएको उपर्युक्त चर्चाबाट स्पष्ट भएको छ । उपर्युक्त शोधप्रबन्धमा सामग्री विश्लेषणका लागि लिइएका सैद्धान्तिक आधार/सत्य पनि फरक छन् र विश्लेषणपछि प्राप्त निष्कर्ष/सत्य पनि एउटै छैनन् । यसर्थ सत्य एउटै नभएर धेरै हुन्छन् भन्ने देखिन्छ । दर्शनले प्रस्तुत गरेको तथ्य पनि यही हो । साङ्ख्य दर्शनले सत्यलाई शाश्वत र सापेक्ष गरी दुई प्रकारमा वर्गीकरण गरेको छ र यी दुईअन्तर्गत सबै सत्य समावेश हुने मान्यता प्रस्तुत गरेको छ। यस दर्शनले प्रकृतिका परमाणु र चेतन तत्त्वलाई शाश्वत सत्य र तिनबाट बनेको जीवनजगत्‌लाई सापेक्ष सत्य मानेको छ। प्रकृतिका परमाणु अनन्त हुने भएकाले त्यसबाट बन्ने जीवनजगत्‌का पदार्थ पनि अनन्त छन् भन्ने साङ्ख्य दर्शनको मान्यता हो । यस दर्शनको मुख्य मान्यता भनेको 'नासतो विद्यते भावो

नाभावो विद्यते सतः" (*श्रीमद्भगवद्गीता,* २।१६) अर्थात् नभएको कुरा (असत्)बाट केही पनि उत्पन्न हुँदैन, जेजति वस्तुहरू उत्पन्न हुन्छन् ती भएकै कुरा (सत्) बाट उत्पन्न हुने हुन् । यस भनाइको तात्पर्य के हो भने जीवनजगत्मा अहिले जति पनि दृश्यमान पदार्थ छन् ती सबै भइरहेकै तत्त्वबाट उत्पन्न भएका हुन् । यस प्रक्रियालाई नै साङ्ख्य दर्शनमा सत्कार्यवाद भनिएको छ (*साङ्ख्यकारिका,* श्लोक ९) । यसको अर्थ के हो भने 'सत्' भनेको तीनै काल (भूत, भविष्यत् र वर्तमान) मा रहिरहने वस्तु हो भने 'कार्य' भनेको कर्ताको कार्यव्यापारबाट जन्मने वस्तु हो । सत्कार्यवादका अनुसार कुनै पनि कर्ता (निर्माता)ले त लुकेको कार्यलाई मात्र आविर्भाव/निर्माण गर्छ, उसले कुनै पनि नयाँ कुरा जन्माउने होइन । उदाहरणका लागि तिलबाट तेल उत्पन्न भएको प्रसङ्गलाई लिन सकिन्छ । तिलमा तिल भएकै कारण यसबाट तेलीले तेल निकाल्न सकेको हो । तेलीसँग जति नै क्षमता र सिप भए पनि उसले बालुवाबाट तेल निकाल्न भने सक्दैन । यसको तात्पर्य के हो भने तिलबाट आउने तेलको विश्लेषणका तिलको बिउ, तिल उम्रेको ठाउँको माटो र वातावरणको अध्ययन गर्नुपर्छ भन्ने हो । जुम्लाको मार्सी धानमा रहेका तत्त्वको विश्लेषणका लागि उक्त धानको बिउ, जुम्लाको माटो, वातावरण र धान फल्ने समयलाई लिनुपर्छ भन्ने हो । शोधका सन्दर्भमा भन्ने हो भने सम्बद्ध सामग्रीमै विश्लेषणका आधार हुन्छन् र पूर्वस्थापित सिद्धान्तले केवल मार्गनिर्देश मात्र गर्दछ भन्ने हो ।

वेदान्तदर्शनले सत्यलाई अझ विशिष्टीकृत रूपमा व्याख्या गरेको छ । वेदान्त दर्शनका अनुसार प्रातिभासिक सत्य, व्यावहारिक सत्य र पारमार्थिक सत्य गरी तीन प्रकारका छन् । वेदान्तदर्शनले स्विकारेका यी तीन सत्यलाई वेदव्यासले *श्रीमद्भागवत महापुराण*को पहिलो श्लोक "जन्माद्यस्य ...सत्यं परं धीमहि" (१।१।१) मा सूत्रशैलीमा व्याख्या गरेका छन् । यद्यपि उनले *ब्रह्मसूत्र* (१।१।१) मा पनि सूत्रका माध्यमबाट यी तीन सत्यको व्याख्या गरेका छन् तर उदाहरणसहित सबै सत्यलाई एउटै श्लोकमा व्याख्या गरेकाले यहाँ यही श्लोकका आधारमा वेदान्तदर्शनसम्मत सत्यको व्याख्या गरिन्छ :

**आरेख २. सत्यका प्रकार**




आरेख २. अनुसार प्रातिभासिक सत्य भनेको वस्तुतः सत्य होइन, यो केवल सत्यको आभास मात्र हो । डोरीमा देखिएको सर्प र चर्को घाम लाग्दा बालुवाका टल्कने कणमा देखिएको पानी प्रातिभासिक सत्य हुन् । यसलाई उक्त श्लोकमा 'तेजोवारिमृदां यथा विनिमयः' अर्थात् प्रकाशमा जलको, जलमा स्थलको र स्थलमा जलको भ्रम भनिएको छ प्रातिभासिक सत्यले क्षणिक रूपमै भए पनि आफ्नो कार्य गर्ने भएकाले यसलाई सत्य मान्नुपरेको हो । डोरीमा देखिएको सर्पबाट तर्सेर लडेको मान्छेको मृत्यु भएको घटना श्रुतिपथमा आएको छ । यस्तै जङ्गलको मृगले मरुभूमिको चर्को घाममा टल्केको बालुवाको कणलाई पानी देखेर त्यहाँ पुग्दा पानी नभेटाएपछि तिर्खाले झन् व्याकुल भई मृत्युवरण गरेको घटनाको अभिलेखीकरणका सन्दर्भमा 'मृगतृष्णा' शब्द बनेको हो । अहिलेको भर्चुयल संसारलाई पनि यही प्रातिभासिक सत्यका रूपमा लिन सकिन्छ । यसको एउटा उदाहरणका रूपमा इ-सेवालाई लिन सकिन्छ । इ-सेवाबाट पैसाको सबै कारोबार हुन्छ तर वास्तविक पैसा अन्यत्र नै हुन्छ । केवल त्यहाँ देखिएको पैसा मात्र हो । यसैले प्रातिभासिक सत्यले काम चाहिँ गर्छ तर व्यावहारिक अवस्थामा उक्त वस्तु उपलब्ध हुँदैन ।


व्यावहारिक सत्य भनेको जीवनजगत् हो । यसैले जीवनजत्का सम्पूर्ण पदार्थहरू, जीवनजगत्लाई चलायमान बनाउने ऊर्जाशील चेतन तत्त्व र जीवनजगत् बारेका सम्पूर्ण विचारहरू व्यावहारिक सत्य हुन् । सृष्टिको प्रारम्भिक समयदेखि अहिलेसम्म विभिन्न शोधखोजबाट प्राप्त भएका वैचारिक सत्य र अक्सिजन, हाइड्रोजन, रेडियम, फोस्फोरस, क्याल्सियम, कार्बन आदि तत्त्वगत सत्य व्यावहारिक सत्यका उदाहरण हुन् । नेपालीका उपर्युक्त शोधप्रबन्धबाट प्राप्त वैचारिक सत्य पनि व्यावहारिक सत्य हुन् । व्यावहारिक सत्यअन्तर्गतको वैचारिक सत्य सापेक्ष सत्य हो । स्थानविशेष, कालविशेष र परिस्थितिविशेषमा सङ्कलित सामग्रीको विश्लेषण गरी प्राप्त भएका वैचारिक सत्य/सिद्धान्तहरू अन्य स्थान, काल र परिस्थितिमा तिनै सामग्रीको अनुपलब्धताका कारण सत्य नहुन सक्छन् । यसर्थ वैचारिक सत्यका दृष्टिले व्यावहारिक सत्य अनन्त हुन्छन् । एउटा सत्यका आधारमा टेकेर अर्को सत्यको ज्ञान हुने भएकाले व्यावहारिक सत्यका सन्दर्भमा शोध भनेको सत्यबाट सत्यको खोजीको प्रक्रिया हो ।

पारमार्थिक सत्यअन्तर्गत सत्, चित् र आनन्द तत्त्व पर्दछन् । यी तीन तत्त्वको समष्टिलाई वेदान्त दर्शनले ब्रह्म भनेको छ । वेदान्त दर्शनमा पारमार्थिक सत्यका रूपमा स्विकारिएको 'चित्' भनेको चैतन्य र प्रकाश/ऊर्जाको समष्टि हो भने 'सत्' भनेको साङ्ख्य दर्शनले सङ्केत गरेझैँ प्रकृतिका परमाणु/भौतिक तत्त्वका बीज हुन् । यी दुई तत्त्वलाई सहअस्तित्व र सन्तुलनमा राख्ने तत्त्व आनन्द तत्त्व हो । श्रीमद्भागवत महापुराणको पहिलो श्लोक (१।१।१) मा प्रयुक्त 'अभिज्ञ' ले चेतन, 'स्वराट्' शब्दले आफै प्रकाशित हुने प्रकाश तत्त्व/ऊर्जा, 'अर्थेषु अन्वयात्' ले सत् र 'निरस्तकुहक'ले सम्पूर्ण दुःखबाट पर रहेको आनन्द तत्त्वलाई सङ्केत गरेका छन् । भौतिक तत्त्वको प्रकृति दुःखमय भएकाले यो आफूसँग मिसिन आउँदा चेतन तत्त्वले दुःखको अनुभव गर्छ, यस अवस्थामा दुःख र सुखलाई सन्तुलनमा राख्ने काम आनन्द तत्त्वले गर्छ । यी तीनै तत्त्वको समष्टिलाई श्लोकमा 'सत्यं परम्' अर्थात् पारमार्थिक सत्य भनिएको छ । यस अर्थमा ब्रह्ममा रहेको 'चित्' तत्त्व समग्र जीवनजगत्तलाई उत्पादन, सञ्चालन र नियन्त्रण गर्ने ब्रह्माण्डीय चैतन्य ऊर्जा हो । यसैलाई आत्मा वा परमात्मा पनि भनिन्छ । यही समष्टि चैतन्य ऊर्जाबाट जीवमा अभिव्यक्त भएको चैतन्य ऊर्जालाई चाहिँ जीवात्मा भनिन्छ । चैतन्य ऊर्जाले सत् (अणु) तत्त्वलाई गतिशील बनाउँदा जीवजगत्को सृष्टि हुने भएकाले वेदान्त दर्शनमा ब्रह्मलाई अभिन्ननिमित्तोपादान कारण (एउटै व्यक्ति आफैँ सामग्री र निर्माता दुवै हुने कारण)

भनिएको छ । यसलाई माकुराको उदाहरणबाट स्पष्ट पारिएको छ । माकुराले आफ्नो शरीरभित्र रहेको सामग्री प्रयोग गरेर आफैँ जालो बुन्न सक्छ र पुनः आफैँमा विलीन गर्न पनि सक्छ । यस्तै ब्रह्मले आफूभित्रै रहेको सत् (अणु) तत्त्वलाई चित् तत्त्वको सहायतामा गतिशील र आनन्द तत्त्वले सन्तुलित बनाएर जीवनजगत्को सृष्टि गर्दछ र पुनः आफूमै विलीन गर्दछ भन्ने कुरा माथिको वृत्ताकार आरेखमा रहेका दोहोरो बाणाकार चिह्नले सङ्केत गरेका छन् । परमाणुवादी वैज्ञानिकहरूले पनि सृष्टिको कारक तत्त्वका रूपमा रहेको परमाणु (एटम) लाई तीन तत्त्व न्युट्रोन, इलेक्ट्रोन र प्रोटोनको समष्टिका रूपमा लिएका छन् (*म्याक्सवेल इन्साइक्लोपिडिया*, सन् २०१५, पृ. १८१) तर परमाणुवादीले यी तीनै तत्त्वलाई भौतिक तत्त्वका रूपमा लिए । एकातिर प्रकृतिमा कुनै नयाँ तत्त्वको उत्पादन हुँदैन, भएकै तत्त्वको विकास र विस्तार हुन्छ भन्ने मान्यता राख्ने र अर्कोतिर चैतन्यलाई भौतिक तत्त्वको संयोजन हुँदा उत्पन्न हुने तत्त्वका रूपमा स्वीकार गर्ने परमाणुवादी वैज्ञानिकको तर्क आफैँमा विरोधाभासयुक्त छ । वस्तुतः चित्तत्त्व/चैतन्य ऊर्जाबिना जीवहरू चेतनशील, ज्ञानशील र विचारशील हुन नसक्ने भएकाले चैतन्य तत्त्व पनि नित्य तत्त्व हो भन्ने वेदान्त दर्शनको मत परमाणुवादी वैज्ञानिकको भन्दा बढी तर्कसङ्गत प्रतीत हुन्छ ।

उपर्युक्त तीन सत्यमध्ये अहिले गरिने अधिकांश शोधहरू व्यावहारिक सत्यको खोजीमा केन्द्रित छन् । उपर्युक्त शोधप्रबन्धमा पनि व्यावहारिक सत्यकै खोजी गरिएको छ । यसरी सत्यको खोजी गर्दा पूर्ववर्ती सत्य उत्तरवर्ती सत्यको आधार बन्न सक्छ भन्ने पूर्वीय दर्शनको मान्यता हो । यस तथ्यलाई पूर्वीय दर्शनका मान्यतामा आधारित भई तलको आरेखबाट स्पष्ट पार्न सकिन्छ :

**आरेख ३. सत्यको अनन्तता, शोधप्रक्रिया र सैद्धान्तिक आधार**



आरेख ३. मा उल्लेख भएअनुसार प्रमाताको अर्थ ज्ञाता/जान्नेवाला हो । ज्ञाता हुनलाई पहिले जिज्ञासा हुनुपर्छ । यस अर्थमा प्रमाता जिज्ञासु पनि हो । प्रमेय भनेका तत्त्व हुन् । तत्त्व भौतिक र अभौतिक गरी दुई किसिमका छन् । यी दुवै किसिमका तत्त्वको ज्ञान प्रमाणद्वारा हुन्छ । प्रमाणद्वारा प्रमेयको यथार्थ ज्ञान हुनु प्रमा हो । यसअर्थमा प्रमाता शोधार्थी, प्रमेय शोधसमस्या, प्रमाण सैद्धान्तिक आधार र प्रमा शोधबाट प्राप्त हुने निष्कर्ष/सत्य हो । यही सत्यमा टेकेर पुनः अर्को शोधार्थीले सत्य २ को ज्ञान गर्छ, सत्य २ मा टेकेर अर्को शोधार्थीले सत्य ३ को ज्ञान गर्छ । यस क्रममा शोधबाट अनन्त सत्यको ज्ञान भइरहन्छ र पूर्ववर्ती सत्यले उत्तरवर्ती सत्यका लागि सैद्धान्तिक आधारको काम गरिरहन्छ । यसरी पूर्ववर्ती सत्य र उत्तरवर्ती सत्यमा भिन्नता हुने भएकाले पूववर्ती सत्य/सिद्धान्तका मान्यता उत्तरवर्ती सत्यको विश्लेषणका लागि हुबहु लागु हुन सक्दैनन्, तिनले केवल उदाहरण/सन्दर्भ वा प्रमाणको काम मात्र गर्दछन् । यसैले विश्लेषणको ढाँचा सम्बद्ध सामग्रीबाटै बनाउनुपर्छ भन्ने पूर्वीय दर्शनको मान्यता हो ।

## ७. अवधारणात्मक ढाँचा

अध्ययनका लागि छनोट गरिएका उपर्युक्त शोधप्रबन्धमध्ये कुँवर (२०८०), खनाल (२०८०), न्यौपाने (२०८०), बरई (२०८०), शर्मा (२०८०), लुइटेल (२०८१) र शर्मा (२०८१) मा सामग्री विश्लेषणका लागि अवधारणात्मक ढाँचा तयार पारिएको छ । उपर्युक्त शोधप्रबन्धका अनुसार अवधारणात्मक ढाँचा भनेको शोधमा सङ्कलित सामग्रीको विश्लेषण ढाँचा हो । यस सन्दर्भमा अवधारणा शब्दले दिने अर्थको पनि चर्चा गर्नु आवश्यक देखिन्छ । 'धृ+ल्युट्>अन+टाप्>आ' यस व्युत्पादन प्रक्रिया (*अष्टाध्यायी* ३।३।१५ र ४।१।४) बाट बनेको 'धारणा' शब्दले सामान्य विचार भन्ने अर्थ दिएको छ र यसमा 'अव' उपसर्ग लागेपछि बनेको अवधारणा शब्दले चाहिँ खास विषयप्रति राखिएको निश्चित विचार भन्ने अर्थ दिएको छ । शोधका सन्दर्भमा भन्दा खास विषयप्रति राखिएको निश्चित विचार भनेको उक्त शोधको प्रमुख समस्या हो । कुनै पनि शोधमा पूर्वकार्यको सर्वेक्षणमूलक अध्ययनपछि अध्ययन गर्न बाँकी रहेको विषयक्षेत्र अर्थात् शोधअन्तराल (research gap) को निर्धारण गरिन्छ र त्यसैका आधारमा शोधशीर्षक चयन गरिन्छ । सोही शीर्षकअनुसार प्रमुख समस्या निर्धारण गरिने भएकाले समस्या/अवधारणा भनेको खास विषयप्रति राखिएको निश्चित विचार हो । यस अध्ययनमा विश्लेषणका लागि लिइएका प्रत्येक शोधप्रबन्धको शीर्षक र तिनले राखेका प्रमुख समस्याहरू खास विषयप्रति राखिएका निश्चित

विचारका रूपमा रहेकाले अवधारणा हुन् । यिनै अवधारणाको विश्लेषणका लागि पूर्ववर्ती सिद्धान्त र सङ्कलित सामग्रीको प्रकृतिका आधारमा तयार पारिएको मुख्य अवधारणा र तिनका सूचकसहितको ढाँचा अवधारणात्मक ढाँचा हो । उदाहरणका लागि उपर्युक्त शोधप्रबन्धमध्ये खनाल (२०८०) मा प्रयुक्त शोधशीर्षक 'प्रगतिवादी नेपाली नाटकमा वर्गद्वन्द्व' लाई लिन सकिन्छ । प्रस्तुत शोधप्रबन्धमा प्रगतिवादी नेपाली नाटकमा अभिव्यक्त वर्गद्वन्द्वको विश्लेषणका लागि मार्क्सवादको वर्गद्वन्द्वलाई सैद्धान्तिक आधारमा रूपमा लिइएको छ । नेपाली नाटकमा अभिव्यक्त वर्गद्वन्द्वको अध्ययनका लागि विषयगत अन्तर्वस्तु, पात्रका कार्यव्यापार, वैचारिक अन्तर्वस्तु र भाषाशैलीलाई आधार बनाइएको छ । शोधप्रश्नका आधारमा अवधारणा तयार पारी प्रत्येक अवधारणाका सूचकहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका ४.** *अवधारणात्मक ढाँचा (क)*

| **शोधप्रश्न** | **अवधारणा** | **सूचक** |
|---|---|---|
| १. प्रगतिवादी नेपाली नाटकका विषयगत अन्तर्वस्तुमा केकस्तो वर्गद्वन्द्व अभिव्यक्त भएको छ ? | सामाजिक, आर्थिक र राजनीतिक विषयसँग जोडिएका ग्रामीण तथा सहरी क्षेत्रमा हुने वर्गसङ्घर्ष | -सामाजिक आर्थिक शोषण<br>- उत्पीडन र प्रतिवाद<br>-राजनीतिक सत्तासङ्घर्ष<br>-नारी शोषण,उत्पीडन तथा प्रेमप्रणयमा वर्गीयता,<br>-स्वदेश तथा जातिप्रेममा वर्गद्वन्द्व |
| २. प्रगतिवादी नेपाली नाटकका पात्रका कार्यव्यापार र वैचारिक माध्यमबाट वर्गद्वन्द्व कसरी अभिव्यक्त भएको छ ? | -शासक र शासित, शोषक र शोषित वर्गका प्रतिनिधि पात्रका बिचमा हुने द्वन्द्वजन्य व्यवहार<br>-कृतिमा प्रकट भएका वैचारिक अवधारणात्मक अभिव्यक्ति | -वर्गीय पहिचान र प्रारूपीकरण<br>-शासक, शासित र शोषक<br>- शोषितका संवाद तथा भौतिकक्रिया र वैचारिक पक्षधरता<br>-शोषण-उत्पीडनको विरोध र उत्पीडकप्रति घृणाभाव<br>-सङ्घर्षको आवश्यकता बोध<br>-समाजवादी समाज, साम्यवादी भविष्यदृष्टि र द्वन्द्वात्मक भौतिकवादी चेतनाको सञ्चार |

| | | |
|---|---|---|
| ३. प्रगतिवादी नेपाली नाटकमा भाषाशैलीबाट वर्गद्वन्द्व कसरी अभिव्यक्त भएको छ ? | नाटकमा वर्गीय प्रतिनिधि पात्रले गरेका संवाद तथा त्यसको भाषाशैली | -उत्पीडक वर्गीय प्रतिनिधि पात्रका संवाद तथा भाषाशैली<br>-उत्पीडित वर्गीय पात्रका संवाद तथा भाषाशैली |

(पृ. ३४)

तालिका ४. मा शोधप्रश्न १. ले सैद्धान्तिक आधारअन्तर्गतको तत्त्वमीमांसाले निर्देश गरेअनुसारको तत्त्वलाई सङ्केत गरेको छ भने शोधप्रश्न २. र ३.ले चाहिँ ज्ञानमीमांसाले निर्देश गरेअनुसार सैद्धान्तिक आधारलाई सङ्केत गरेका छन् । तत्त्व र ज्ञानसिद्धान्तलाई सङ्केत गर्ने सूचकहरूमा भने मूल्यमीमांसाले निर्देश गरेअनुसारका मूल्यसम्बद्ध सूचक पनि समावेश गरिएको छ । शोधप्रश्न २.अन्तर्गत उल्लेख गरिएका सूचकहरू 'शोषण-उत्पीडनको विरोध र उत्पीडकप्रति घृणाभाव, सङ्घर्षको आवश्यकता बोध, समाजवादी समाज, साम्यवादी भविष्यदृष्टि र द्वन्द्वात्मक भौतिकवादी चेतनाको सञ्चार' मूल्यसँग सम्बद्ध सूचक हुन् । यसैले तालिका १. को अवधारणात्मक ढाँचालाई तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसाले निर्देश गरेअनुसारका तत्त्व, ज्ञान/सैद्धान्तिक आधार र मूल्यलाई समावेश गरेर अवधारणा र तिनका सूचकहरूलाई निम्नानुसार प्रस्तुत गर्नु उपयुक्त हुने देखिन्छ :

**तालिका ५.** *अवधारणात्मक ढाँचा (ख)*


| **शोधप्रश्न** | **अवधारणा** | **सूचक** |
|---|---|---|
| १. प्रगतिवादी नेपाली नाटकका विषयगत अन्तर्वस्तुमा केकस्तो वर्गद्वन्द्व अभिव्यक्त भएको छ ? | सामाजिक, आर्थिक र राजनीतिक विषयसँग जोडिएका ग्रामीण तथा सहरी क्षेत्रमा हुने वर्गसङ्घर्ष | -सामाजिक आर्थिक शोषण<br>- उत्पीडन र प्रतिवाद<br>-राजनीतिक सत्तासङ्घर्ष<br>-नारीशोषण, उत्पीडन तथा प्रेमप्रणयमा वर्गीयता<br>-स्वदेश तथा जातिप्रेममा वर्गद्वन्द्व |

| | | |
|---|---|---|
| २. प्रगतिवादी नेपाली नाटकका पात्रका कार्यव्यापार, विचार र भाषा-शैलीबाट वर्गद्वन्द्व कसरी अभिव्यक्त भएको छ ? | -शासक र शासित, शोषक र शोषित वर्गका प्रतिनिधि पात्रका बिचमा हुने द्वन्द्वजन्य व्यवहार र विचारको अभिव्यक्ति । नाटकमा वर्गीय प्रतिनिधि पात्रले गरेका संवाद तथा भाषाशैली | -वर्गीय पहिचान र प्रारूपीकरण<br>- शोषितका संवाद तथा भौतिक क्रिया र वैचारिक अभिव्यक्ति<br>-उत्पीडक वर्गीय प्रतिनिधि पात्रका संवाद तथा भाषाशैली<br>-उत्पीडित वर्गीय पात्रका संवाद तथा भाषाशैली |
| ३. प्रगतिवादी नेपाली नाटकमा किन वर्गद्वन्द्व अभिव्यक्त भएको छ ? | वर्गसङ्घर्षको प्रभाव | शोषण-उत्पीडनको विरोध र उत्पीडकप्रति घृणाभाव<br>-सङ्घर्षको आवश्यकताबोध<br>-समाजवादी समाज, साम्यवादी भविष्यदृष्टि र द्वन्द्वात्मक भौतिकवादी चेतनाको सञ्चार |

तालिका ५.को शोधप्रश्न १.मा तत्त्वमीमांसाले निर्देश गरेको तत्त्व, शोधप्रश्न २.मा ज्ञानमीमांसाले निर्देश गरेअनुसारको सैद्धान्तिक ज्ञान र शोधप्रश्न ३.मा मूल्यमीमांसाले निर्देश गरेअनुसारको मूल्यसम्बद्ध अवधारणा र सूचक प्रस्तुत भएका छन् । समाजविशेष, समयविशेष र परिस्थितिविशेषमा प्रतिपादन गरिएका ज्ञान/सिद्धान्तको यथावत् प्रयोग गरी जुनसुकै समाज, समय र परिस्थितिमा सङ्कलित सामग्रीको विश्लेषण गर्न सकिँदैन । अझ साहित्यिक शोधका सन्दर्भमा त स्रष्टा बाँचेको सामाजिक, सांस्कृतिक र कालिक परिवेश, उसले भोगेको दुःखसुखअनुसार उसमा विचार र भावनाको निर्माण हुन्छ र उसले त्यसैको अभिव्यक्ति साहित्यमा गरेको हुन्छ । समाजविशेष, समयविशेष र परिस्थितिविशेषमा प्रतिपादन गरिएका ज्ञान/सिद्धान्तको यथावत् प्रयोगबाट साहित्यिक शोध सम्भव हुने कुरै भएन । यसैले शोधका सैद्धान्तिक/दार्शनिक आधार (तत्त्व, ज्ञान र मूल्य) र पूर्वस्थापित ज्ञान/सिद्धान्तका आवश्यक मान्यता र सङ्कलित सामग्रीको प्रकृतिअनुसार विश्लेषणको ढाँचा तयार पार्नुपर्ने हुन्छ । यसरी तयार पारिएको विश्लेषण ढाँचा नै अवधारणात्मक ढाँचा हो । यसअर्थमा अवधारणात्मक ढाँचा सैद्धान्तिक ढाँचाभन्दा बढी विशिष्ट र व्यावहारिक हुन्छ । त्यसैले त्यस्ता सिद्धान्तलाई केवल आधारका रूपमा लिएर अवधारणात्मक ढाँचाको निर्माण गर्नुपर्ने हुन्छ । यसरी तयार पारिएको

अवधारणात्मक ढाँचाले शोधलाई व्यवस्थित र परिणाममुखी बनाउन मार्गदर्शन गर्दछ । यसर्थ अवधारणात्मक ढाँचाले शोधक्षेत्र चयनदेखि निष्कर्ष प्राप्तिसम्मको समग्र प्रक्रियालाई समेटेको हुन्छ । यसअन्तर्गत आउने चरणहरूको सोपानक्रमलाई निम्नलिखित आरेखबाट प्रस्तुत गर्न सकिन्छ :

**आरेख ४. अवधारणात्मक ढाँचाको सोपानक्रम**




आरेख ४. मा उल्लेख गरिएअनुसार अवधारणात्मक ढाँचाको निर्माणमा संलग्न हुने पहिलो चरण भनेको शोधक्षेत्र हो । शोधक्षेत्र भनेको विषयक्षेत्र हो । विज्ञान,

संस्कृति, समाजशास्त्र, साहित्य, भाषा, लोकवार्ता आदि विषयक्षेत्र हुन् । साहित्यका कविता, कथा, नाटक, निबन्ध आदि विधाहरू पनि विषयक्षेत्रकै एकाइ हुन् । विज्ञानको क्षेत्रमा रहेको शोधरिक्तता र साहित्यको क्षेत्रमा रहेको शोधरिक्तता समान हुँदैन । यसैले कुन विषयक्षेत्रमा शोध गर्न चाहने हो सोही विषयक्षेत्रसँग सम्बद्ध पूर्वकार्यको अध्ययन गरेर शोधअन्तराल पहिचान गरेपछि शोधप्रश्न र तदनुरूपको शोधसमस्या बनाउनुपर्दछ । शोधप्रश्न बनाउँदा सैद्धान्तिक आधारले निर्देश गरेअनुसार तत्त्व (साध्य ज्ञान), ज्ञान (साधन ज्ञान) र मूल्यलाई आधार बनाउनुपर्छ र यिनै शोधप्रश्नसँग सम्बद्ध रही सङ्कलन गरिएको सामग्रीको प्रकृतिका आधारमा अवधारणा र सूचकको निर्माण गर्नुपर्दछ । यसरी तयार पारिएका अवधारणा र सूचकको समष्टिबाट सामग्री विश्लेषण गरिने भएकाले मूल रूपमा अवधारणात्मक ढाँचा भनेको, शोधप्रश्न, अवधारणा र सूचकको समष्टि हो । अवधारणात्मक ढाँचामा आधारित भएर सामग्रीको सङ्कलन, विश्लेषण/विमर्श गरी निष्कर्ष प्रस्तुत गरिने भएकाले अवधारणात्मक ढाँचाको सोपानक्रममा शोधक्षेत्रको चयनदेखि निष्कर्षसम्मका चरणहरू समेटिएका हुन् । यस आरेखमा रहेका शोधप्रश्नको प्रतिनिधित्व गर्ने भाषिक रूप के, कसरी र किनअन्तर्गत आएका क्रमशः तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमासाले सैद्धान्तिक/दार्शनिक आधार सङ्केत गरेका छन् भने शोधविधि (सामग्री सङ्कलन र विश्लेषणविधि) पछि आएको सैद्धान्तिक/दार्शनिक आधारले पूर्वस्थापित सिद्धान्तलाई सङ्केत गरेको छ । पूर्वस्थापित सिद्धान्त पनि तत्त्व, ज्ञान र मूल्यकै आधारमा सिद्ध भएको हुन्छ । यसैले पूर्वस्थापित सिद्धान्त र दार्शनिक आधारलाई एउटै तहमा राख्ने गरिएको हो । आरेख ४. मा प्रस्तुत अवधारणात्मक ढाँचाको सोपानक्रमले निर्देश गरेअनुसार 'नेपालीका उत्तरवर्ती पद्यकवितामा ध्वनि' शीर्षकको अवधारणात्मक ढाँचालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**तालिका ६.** *अवधारणात्मक ढाँचा (ग)*

| **शोधशीर्षक** | **आधुनिक नेपाली पद्यकवितामा व्यङ्ग्य** | |
|---|---|---|
| **शोधप्रश्न** | **अवधारणा** | **सूचक** |
| १. आधुनिक नेपाली कवितामा केकस्तो व्यङ्ग्य अभिव्यक्त भएको छ ? | सामाजिक, आर्थिक र राजनीतिक विषयसम्बद्ध व्यङ्ग्य | -सामाजिक, आर्थिक र राजनीतिक विषयसम्बद्ध वस्तुमूलक व्यङ्ग्य<br>-सामाजिक, आर्थिक र राजनीतिक विषयसम्बद्ध रसमूलक व्यङ्ग्य<br>-सामाजिक, आर्थिक र राजनीतिक विषयसम्बद्ध अलङ्कारमूलक व्यङ्ग्य |
| २. आधुनिक नेपाली कवितामा व्यङ्ग्य कसरी अभिव्यक्त भएको छ ? | व्यङ्ग्ययोजना | - विषयवस्तुको चयन<br>- व्यङ्ग्ययोजना<br>- भाषाशैली |
| ३.. आधुनिक नेपाली कवितामा  किन व्यङ्ग्यको अभिव्यक्ति गरिएको हो ? | व्यङ्ग्यको प्रभाव | - सामाजिक क्षेत्रमा प्रभाव<br>-राजनीतिक क्षेत्रमा प्रभाव<br>- धार्मिक क्षेत्रमा प्रभाव<br>-सांस्कृतिक क्षेत्रमा प्रभाव |

पूर्वकार्यको अध्ययनपछि प्राप्त शोधअन्तरालका आधारमा तालिका ६. मा प्रस्तुत गरिका अवधारणा र सूचकहरूलाई थपघट गर्न सकिन्छ। यसर्थ शोधअन्तराल र सैद्धान्तिक आधारले निर्देश गरेअनुसारका शोधप्रश्न र शोधप्रश्नमा आधारित भई गरिएका सामग्रीको प्रकृतिका आधारमा सामग्रीको विश्लेषणका लागि तयार पारिएको शोधप्रश्न, अवधारणा र सूचकसहितको ढाँचा नै अवधारणात्मक ढाँचा हो।

## ८. निष्कर्ष

'शुध्+घञ्>अ'बाट बनेको 'शोध' शब्दको अर्थ शुद्ध बनाउनु वा शोधन गर्नु हो। शोधका सन्दर्भमा चाहिँ पूर्वकार्यको अध्ययनपछि प्राप्त शोधअन्तरालका आधारमा तयार पारिएको शोधशीर्षकसँग सम्बद्ध सामग्रीको सङ्कलन र उक्त सामग्रीको शोधन गरेर जीवजगत्का कुनै पनि विषयवस्तु/तत्त्वका बारेमा यथार्थ (सत्य) ज्ञान वा नयाँ तत्त्वको खोजी गर्ने प्रक्रिया शोध हो । तत्त्वको यथार्थ स्वरूपलाई सत्य भनिने भएकाले शोध भनेको सत्यको ज्ञान वा खोजीको प्रक्रिया पनि हो । सबै किसिमका तत्त्वको प्रतिनिधित्व विचारले गर्न सक्ने भएकाले विचारबाट तत्त्वको

खोजी गर्न सकिन्छ भने तत्त्वका आधारमा विचारको खोजी पनि गर्न सकिन्छ । तत्त्व भौतिक र अभौतिक गरी दुई किसिमका छन् भने तत्त्वसम्बन्धी विचार भने अनन्त छन् । उपलब्ध तत्त्व र विचारमध्ये पनि भ्रमका कारण कतिपय तत्त्व र विचारको यथार्थ ज्ञान भएको हुँदैन भने कतिपय तत्त्व र विचार चाहिँ अनुद्घाटित अवस्थामा नै रहेका हुन्छन् । तत्त्वको यथार्थ ज्ञान नहुनु र तत्त्वहरू अनुद्घाटित रूपमा रहनु शोधरिक्तता/समस्याका क्षेत्र हुन् भने उपलब्ध तत्त्व वा तिनका विचारबारे भ्रमको निराकरण गरेर तिनको यथार्थ ज्ञान गर्नु र अनुद्घाटित तत्त्वको खोजी गर्नु शोधका मुख्य उद्देश्य हुन् । यसर्थ सोधखोज नभएको क्षेत्र/शीर्षकसँग सम्बद्ध सामगीको सङ्कलन र शोधन गरेर सत्यको ज्ञान गर्ने शोधप्रक्रिया हो । शोधप्रक्रियालाई व्यवस्थित बनाउने आधारमध्ये सैद्धान्तिक आधार तथा अवधारणात्मक ढाँचा मुख्य हुन् । समग्र शोधप्रक्रियाबाट प्राप्त हुने ज्ञान साध्य हो भने सैद्धान्तिक आधार र अवधारणात्मक ढाँचा साधन हुन् । 'सैद्धान्तिक आधार' भनेको पूर्वस्थापित सिद्धान्त/ज्ञान हो । पूर्वस्थापित सिद्धान्तका आधारमा नयाँ ज्ञानको खोजी गरिने भएकाले यसलाई शोधको सैद्धान्तिक आधारका रूपमा लिन सकिन्छ । यसैले शोधका सन्दर्भमा सत्य/यथार्थ ज्ञान प्राप्त गराउने साधन सैद्धान्तिक आधार हो । सत्य प्रातिभासिक, व्यावहारिक र पारमार्थिक गरी तीन प्रकारका छन् । यी तीन सत्यमध्ये अहिले गरिने अधिकांश शोधहरू व्यावहारिक सत्यको खोजीमा केन्द्रित छन् । यसरी सत्यको खोजी गर्दा पूर्वस्थापित सिद्धान्त/सत्य अर्को शोधका लागि सैद्धान्तिक आधार बन्न सक्छ । यही सत्यमा टेकेर पुनः अर्को शोधार्थीले सत्य २. को ज्ञान गर्छ, सत्य २. मा टेकेर अर्को शोधार्थीले सत्य ३. को ज्ञान गर्छ । यस क्रममा शोधबाट अनन्त सत्यको ज्ञान भइरहन्छ र पूर्ववर्ती सत्यले उत्तरवर्ती सत्यका लागि सैद्धान्तिक आधारको काम गरिरहन्छन् । पूर्ववर्ती सिद्धान्तले उत्तरवर्ती शोधका लागि सैद्धान्तिक आधारको काम गरे पनि स्थानविशेष, कालविशेष र परिस्थितिविशेषमा स्थापित सिद्धान्तका आधारमा मात्र अन्य स्थान, काल र परिस्थितिसँग सम्बद्ध सामग्रीको विश्लेषण सही हुन सक्दैन, पूर्वस्थापित सिद्धान्तले त केवल उदाहरण/सन्दर्भ वा प्रमाणको काम मात्र गर्दछन् । यसैले शोधमा सङ्कलित सामग्रीको उपयुक्त किसिमले विश्लेषण गर्न अवधारणात्मक ढाँचा बनाउनुपर्ने हुन्छ । सामग्रीको विश्लेषणका लागि पूर्ववर्ती सिद्धान्त र शोधशीर्षक/प्रश्नसँग सम्बद्ध सामग्रीको प्रकृतिमा आधारित भएर तयार पारिएका अवधारणा र तिनका सूचकसहितको ढाँचा अवधारणात्मक ढाँचा हो । अवधारणात्मक ढाँचाको सोपानक्रमअन्तर्गत आउने चरणहरू शोधक्षेत्रको चयन,

पूर्वकार्यको अध्ययन, शोधअन्तराल, शोधशीर्षक, शोधप्रश्न, उद्देश्य, अवधारणा, सूचक, शोधविधि (सामग्री सङ्कलन र विश्लेषण विधि), सैद्धान्तिक आधार, विश्लेषण/विमर्श र निष्कर्ष हुन् । शोधक्षेत्र भनेको विषयक्षेत्र हो । विज्ञान, संस्कृति, समाजशास्त्र, साहित्य, भाषा आदि विषयक्षेत्र हुन् । साहित्यका कविता, कथा, नाटक, निबन्ध आदि विधाहरू पनि विषयक्षेत्रकै एकाइ हुन् । विज्ञानको क्षेत्रमा रहेको शोधरिक्तता र साहित्यको क्षेत्रमा रहेको शोधरिक्तता समान नहुन सक्छन् । कुन विषयक्षेत्रमा शोध गर्न चाहने हो सोही विषयक्षेत्रसँग सम्बद्ध पूर्वकार्यको अध्ययन गरेर शोधअन्तराल पहिचान गरेपछि सैद्धान्तिक आधारले निर्देश गरेअनुसार तत्त्व, ज्ञान र मूल्यलाई सम्बोधन गर्ने शोधप्रश्न र तदनुरूपका शोधसमस्या निर्धारण गर्नुपर्दछ । शोधसमस्यामा आधारित भएर सङ्कलन गरिएका सामग्रीको प्रकृतिका आधारमा अवधारणा र सूचकको निर्माण गर्नुपर्दछ । यसरी शोधमा सामग्रीको विश्लेषणका लागि तयार पारिएको शोधअन्तराल र सैद्धान्तिक आधारले निर्देश गरेअनुसारका शोधप्रश्न, अवधारणा र सूचकसहितको ढाँचा नै अवधारणात्मक ढाँचा हो । शोधलाई व्यवस्थित बनाउने कार्यमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ ।

## सन्दर्भसामग्री सूची

*अष्टाध्यायी* (२०६०), व्याख्या. ईश्वरचन्द्र, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

ईशावास्योपनिषद् -२०४०), *ईशादि नौ उपनिषद्* (दसौँ संस्क.) गोरखपुर : गीताप्रेस ।

खनाल, अजित (२०८०), *प्रगतिवादी नेपाली नाटकमा वर्गद्वन्द्व,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

कुँवर, भविन्द्र (२०८०), *आधुनिक नेपाली कवितामा शास्त्रीय भौतिकी,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

गिरी, शान्तिमाया (२०७४), आधुनिक नेपाली कथामा अभिघात, (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

गौतम, लक्ष्मणप्रसाद (२०८०), वैदिक षड्दर्शनका प्रमुख मान्यता, *नेपाल अध्ययन जर्नल,* १(१), पृ. ७७-११३ ।

घर्ती, दुर्गाबहादुर (२०८०), *अनुसन्धान पद्धति : सिद्धान्त र प्रयोग,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

घिमिरे, विदुला (२०८०), *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

*न्यायसूत्र* -सन् १९२१), अनवादक. राजाराम प्रोफेसर, लाहोर : डी.ए.बी कलेज ।

न्यौपाने, श्रीधर (२०८०), *ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

पौडेल, हेमनाथ उपाध्याय (२०७५), *नेपाली प्रगतिवादी कथाका प्रवृत्तिहरू,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

*प्रशस्तपादभाष्य* (२०७८), व्याख्या. केशवशरण अर्याल, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

बरई, त्रिभुवन (२०८०), *भवानी भिक्षुका कथामा दृष्टिविन्दु,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

*ब्रह्मसूत्र* (२०५५), व्याख्या. शिरोमणि पं मीनप्रसाद नेपाल, दाङ : मेहन्द्र संस्कृत विश्वविद्यालय ।

*योगसूत्र* (सन् १९९८), व्याख्या. वाचस्पति मिश्र, नयाँ दिल्ली : मुन्सीलाल मनोहर पब्लिसर्स प्रा.लि ।

लुइटेल, गोविन्दप्रसाद (२०८१), *नेपाली मनोविश्लेषणात्मक कथामा समाख्यान,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

*वेदान्तपरिभाषा* (सन् १९८३), सम्पा. श्रीगजानन शास्त्री, वाराणसी : चौखम्बा विद्याभवन ।

शर्मा, गणेश (२०८०), *उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

शर्मा, लीलादेवी (२०८१), *गण्डकी प्रदेशमा प्रचलित लोककथामा लोकविश्वास,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्रसङ्काय ।

शर्मा, मोहनराज तथा लुइटेल, खगेन्द्रप्रसाद (२०५५), *शोधविधि* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

*श्रीमद्भगवद्गीता,* (२८ औँ संस्क.), (२०५६), गोरखपुर : गीताप्रेस ।

*श्रीमद्भागवद्महापुराण (पहिलो खण्ड)* (२०६५), टीका. स्वामी रामानन्द गिरि, तनहूँ : महेश संस्कृत गुरुकुल ।

श्रेष्ठ, दयाराम (२०७९), *साहित्यको अनुसन्धान व्यवस्थापन (अनुसन्धान दर्शन),* काठमाडौँ : शिखा बुक्स ।

*साङ्ख्यकारिका* (२०५५), श्रीराम शर्मा आचार्य (व्याख्या), वाराणसी : वेदमाता गायत्री ट्रस्ट ।

Campbell, Keith (2006), 'Ontology', In Borchert, Donald M. (ed.), *Encyclopedia of Philosophy : Oakeshott – Presupposition* (2 ed.), Thomson Gale, Macmillan Reference.

Hale, B (2009), 'Realism and antirealism about abstract entities', in Jaegwon Kim, Ernest Sosa, and Gary S. Rosenkrantz, *A Companion to Metaphysics*, 2nd ed., Wiley–Blackwell pp. 65–73.

Leavy, Patricia (2017), *Research Design : Quantitative, Qualitative, Mixed Methods, Arts-Based, and Community-Based Participatory Research Approaches, ebook The Guilrofd Press.*

*Maxwell Encyclopedia* (2015), Mumbai : Wilko Publishing House .

Munro, H.A.J (1908), *Lucreties on the nature of things,* London : George and sons.

*(लेखक त्रि.वि., त्रिचन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक हुनुहुन्छ ।)*